# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# पर्वत, २०७६




पर्वत जिल्लामा विगतमा भएका र हुनसक्ने प्रकोपहरुलाई ध्यानमा राखी विपद् प्रतिकार्यका गतिविधिहरु संचालन गर्न तथा सामान्य अवस्थामा गर्नुपर्ने पूर्वतयारीका सूचकहरु सहितको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०७६ तयार पारिएको छ । यस योजनाले विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरुका लागि प्रारम्भिक सूचना अध्ययन गर्न तथा विपद्का दौरानमा उपयुक्त प्रतिकार्य गर्न मद्दत गर्ने विश्वास गरिएको छ ।

**जिल्ला विपद व्यवस्थापन समिति पर्वत**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा,

फोन नं ०६७-४२०१३३, १३४
फ्याक्स ६७-४२०३०३



प.सं. ०७५/७६
च.नं :

विषय : शुभकामना ।

जिल्लामा घट्न सक्ने विपद् सम्बन्धी घटनाहरुवाट सजग र सचेत रहन तथा विपद्का घटनाहरुलाई पूर्व तयारी गरी न्यूनिकरण गर्न सहयोग पुग्ने उद्देश्यले जिल्ला विपद् व्यवस्थापन समिति पर्वतले "पर्वत जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७६" पुस्तिका तयार गरी प्रकाशनमा ल्याएको छ । नेपालको भौगालिक अवस्थिति र विविधताका कारण यहाँको हावापानी र मौसम विषमतापूर्ण रहेको छ । नेपाल विशेषतः बाढी-पहिरो, आगलागी, हावाहुरी लगायत महामारी र भूकम्प तथा मौसमको विषमता जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको अवस्था छ । मूलतः देशका भौगोलिक जल तथा वातावरणीय प्रभाव, भौगर्भिक, जैविक जस्ता कारणले विपद्का घटनाहरु घट्ने गर्दछन् ।

देशका यी विपद् सम्बन्धी घटनाहरुलाई केन्द्रमा राखी पर्वत जिल्लालाई हेर्दा यहाँको भूगोल पहाडी भेगमा अवस्थित भिरालो जमिन भएकाले मूलतः यहाँ पहिरो, आगलागी, नदीकटान, चट्याङ, आँधीहुरी, असिना जस्ता प्रकोपहरुको सामना गर्नुपर्ने देखिन्छ । यसप्रकारका विपद्का घटनाहरुबाट हुने क्षतिको सामना तथा न्यूनिकरण गर्न यस योजनाले थप सहयोग पुऱ्याउनेमा म विश्वस्त छु । नेपालको चौथो सानो जिल्ला पर्वतका कुल ७ वटा स्थानीय तहहरुहरु मध्ये कुन कुन स्थानमा कुन कुन प्रकृतिका विपद्का घटनाहरु घट्ने गर्दछन् तिनीहरुको पहिचान गर्ने प्रयास यस योजनामा गर्ने प्रयास गरिएको छ । साथै पहिचान गरिएका विपद्का घटनाहरुको न्युनिकरणको कार्यमा स्थानीय तह र जिल्लास्थित बिषयगत कार्यलयहरुमा रहेका विपद् न्युनिकरण समाग्री र तिनीहरुले पुरा गर्नु पर्ने दायित्वलाई समेट्ने प्रयास गरिएको छ । यसले विपद्का घटनाहरुमा तत्काल राहत, उद्धार तथा जोखिम न्यूनिकरणका लागि कुन निकायले अगुवाई गरी तत्कालै सम्बोधन गर्ने भन्ने विषयलाई स्पष्ट गरेको छ । साथै ती विपद्का घटनाहरुबाट सतर्क रहन तथा सम्भावित विपद्लाई न्यूनिकरण गर्नका लागि यस योजनाले पर्वत जिल्लाबासी आम सर्वसाधारण लगायत सम्बन्धित सरोकारवालाहरुलाई सहयोग पुऱ्याउनेमा विश्वास लिएको छु । यस योजनामा समेटिएका विषयलाई प्रभावकारी रुपले कार्यान्वयनमा ल्याई पूर्वतयारी गरी विपद्लाई न्यूनिकरण गर्नमा सम्बन्धित सरोकारवाला निकायलाई आग्रह गर्न चाहन्छु ।

अन्त्यमा छरिएर रहेका तथ्याङ्कहरुलाई मिहिनेतका साथ संकलन गरी यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६, मस्यौदा समितिका संयोजक लगायत अन्य सदस्य साथीहरुलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

मिति : २०७६/०३/१०

कल्पना घिमिरे नेपाल
प्रमुख जिल्ला अधिकारी
एवं अध्यक्ष- जिल्ला विपद् व्यवस्थापन समिति,
पर्वत

# विषय सूचि

## परिच्छेद एक
## परिचय


१.१. पृष्ठभूमी १

१.२. नेपालमा विपद जोखिम व्यवस्थापन र वर्तमान नीति २

१.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा अपेक्षित नतिजा ३

१.४. विपद् पूर्वतयारी कार्ययोजनाको तयारीका प्रक्रिया ५

१.५. विपद् पूर्वतयारी कार्ययोजनको तयारीका सिमाहरु ५


## परिच्छेद दुई
## पर्वत जिल्लाको परिचय र जिल्लामा विपद्को अवस्था


२.१. पर्वत जिल्लाको परिचय ६

२.२. पर्वत जिल्लामा विपद्को सन्दर्भ ९

२.३. विपद्का घटना तथा क्षतिको विवरण १०


## परिच्छेद तीन
## विपद् पूर्वतयारी तथा क्षेत्रगत अवधारणा, क्षेत्र निर्धारण र सम्पर्क


३.१. मानवीय सहायतामा संलग्न साझेदार निकाय १४

३.२. विपद् सर्वेक्षण तथा आवश्यकता पहिचान प्रक्रिया १४

३.३. क्षेत्रगत पहिचान १५

३. ४. राहत सहयोगको आधारमा विपद् जोखिमको विश्लेषण २५

३.५. गा.पा./न.पा.हरुको साधारण संकटासन्नताका पक्षहरु २६


## परिच्छेद चार
## विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना


४.१. विषयगत क्षेत्रको परिचय ४२

४.२. मान्यता ४२

४.३. उद्देश्यहरु ४२

४.४. विषयगत पूर्वतयारी तथा प्रतिकार्य योजना ४३

४.५. मनोसामाजिक सहयोग ७१

## परिच्छेद पाँच

## कार्ययोजना र निकायगत जिम्मेवारी


५.१. कार्ययोजना ७३

५.२. निकायगत भूमिका तथा जिम्मेवारी ७४

५.३. स्थानीयस्तरमा विपद्को व्यवस्थापन ७६

५.४. पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सम्बोधन गर्न विद्यमान समस्याहरु ७७

५.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने समय तालिका ७७

५.६. पर्वत जिल्लाका गा.पा.न.पा.हरुको विपद व्यवस्थापन सम्बन्धि व्यवस्था ७८

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि :–

नेपाल बाढी, पहिरो आगलागी, महामारी, मौसमको विषमता तथा भूकम्प र चट्याङ्ग जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । देशका भौगर्भिक, भौगोलिक, जैवीक, जल तथा मौसम र वातावरणीय अवस्थाका कारणहरुले विपद्का घटनाहरु घटने गरेको पाइन्छ । नेपालको पूर्वदेखि पश्चिम सम्मको भू-भाग वर्षायाममा बाढी पहिरो, अतिबृष्टि या अनाबृष्टि, असिना, खडेरी, हावाहुरी, हिउंदमा शितलहर एवं हिमपात र जुनसुकै समयमा भूकम्पीय दृष्टिले संवेदनशील मानिन्छ । विश्वका मुलुकमध्ये नेपाल भूकम्पका हिसावले ११ औं स्थानमा र जल उत्पन्न प्रकोपका जोखिममा ३० औं स्थानमा पर्नुले समग्र देश नै विपद्को उच्च जोखिममा रहेको छ । त्यस्तै जलवायु परिवर्तन अनुकुलनका हिसावले नेपाल चौंथो जोखिम देशको रुपमा रहको छ । जलवायु परिवर्तनका कारण सिर्जना हुनसक्ने जोखिमहरुवाट समेत विपद्का घटनाहरु बढ्न सक्ने देखिएको छ । देशको तराई समतल भूभागमा बाढीजन्य तथा आगलागी, शीतलहर जस्ता विपद्का असर बढी देखिन्छ भने पहाडी भागमा पहिरो, बाढी, नदीकटान, आगलागी, महामारी तथा हिमाली भेगमा हिमपात, हिमताल फुटने (GLOF), पहिरो, आगलागी र सिंगो देशनै भुकम्पको जोखिममा रहेको छ भने देशको मध्यभाग भुकम्पको कारण थप जोखिममा रहेको छ । यसका अतिरिक्त नेपालमा "बर्ड फ्लु" जस्ता नयाँ प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेका छन् । नेपालले वर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ । यस्ता विभिन्न प्रकारका विपद् जोखिमका कारणले मानिसको जीविकोपार्जनमा समेत प्रत्यक्ष र परोक्ष रुपमा विभिन्न असरहरु पारेको देखिन्छ ।

केही तथ्य र तथ्यांकहरूका आधारमा नेपाल विश्वमा विपद् जोखिमको नक्शांकनमा बीसौं स्थानमा रहेको छ । नेपाल भूकम्पको उच्च जोखिमको स्केल MMI IX र XI मा परेबाट नेपालको सम्पूर्ण भूभाग भूकम्प जाने संभावित क्षेत्रभित्र पर्दछ भने मध्य भूभाग अति जोखिम क्षेत्रभित्र पर्दछ । त्यसै गरी इसिमोड (ICIMOD) र यूएनईपी(UNEP) ले संयुक्त रूपमा तयार पारेको विवरण अनुसार नेपालमा रहेका २,३१५ हिमतालमध्ये २२ वटा विष्फोट हुने खतरामा छन् (ICIMOD /UNEP 2000) । आगजनी तर्फ विशेष गरी तराईमा गर्मीको मौसममा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्ने भएकाले ग्रामीण बस्तीहरूमा आगलागी ठूलो समस्याको रूपमा रहेको छ । हालका दिनहरूमा वन डढैंलो समेत विपद्कोरूपमा बढ्दै गएको छ । पर्वत जिल्ला पनि उल्लिखित विपद्को उच्च जोखिममा रहेको कुरा गतवर्षको विनाशकारी भुकम्प र वर्षेनी हुने वाढी पहिरो, आगलागी र चट्याङ्ग जस्ता विपद्का घट्नाले पुष्टि गरेको छ । यस जिल्लामा विभिन्न प्रकोपहरुको दर उच्च रहे पनि सो सँग जुध्न सक्ने क्षमताको विकास र पूर्वतयारीजस्ता कार्यमा सारभूत रूपमा ठोस कार्य अझै हुन नसकेको अवस्थामा नीतिगत तथा संस्थागत सुधारको लागि सामन्य प्रयासको रूपमा यो जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यवधिक एवं परिस्कृत गरि प्रकाशन गरिएको छ ।

नेपालको इतिहास हेर्दा समेत विभिन्न कालखण्डमा विनासकारी महाभुकम्पको पुनराबृत्ति भएको देख्न सकिन्छ । १०० वर्ष यताको समय हेर्दा १९९० साल पश्चात २०४५ र २०७२ सालमा समेत विनाशकारी भुकम्पवाट नेपालमा ठूलो धनजनको क्षति भएको देखिन्छ । बारम्बार घटिरहने यस्ता विपद्का घटनाहरु देशको विकास प्रयासमा समेत मुख्य बाधकको रुपमा देखिएका छन् । भौगोलिक विकटता, यातायातको असुविधा, उद्धार कार्यका लागि आवश्यक प्रविधि र जनशक्तिको अपर्याप्तता र प्रतिकुल मौसमका कारण घटनास्थलमा उद्धारकर्मी तथा राहत सामाग्री तत्काल उपलब्ध गराउन नसकिने हुँदा विपद्वाट प्रभावितहरु अझ वढी जोखिममा रहेका छन । यस्ता विभिन्न प्रकारका संभावित प्रकोपका घटनाहरुलाई तत्कालीन तथा दीर्घकालीन उपायहरुद्वारा न्यूनिकरण गर्न सकिन्छ भने कतिपय अवस्थामा यसको सामना नगरी नहुने अवस्था आइपर्दछ ।

विगत बर्षहरुदेखिनै यस जिल्लामा पनि यस्ता खालका विभिन्न प्रकोपहरुद्वारा जनधनको क्षति भैरहेको देखिन्छ भने सवै प्रकारका प्रकोपको संभावना पनि अत्यन्त बढि देखिन्छ । तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने मानिसको जीउधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि जिल्लामा पनि आपतकालीन पूर्वतयारीलाई मजबूत बनाउन जरुरी छ । आपतकालीन तथा विपद् पूर्वतयारी विपद् जोखिम न्यूनीकरण कार्यको एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्न र समुदायलाई विपद् व्यवस्थापन गर्ने कार्यमा मद्धत पुर्‍याउंदछ ।

विपद्बाट प्रभावित व्यक्ति/समुदायलाई विपद् परेको जति सक्यो छिटो सहयोगको आवश्यकता पर्दछ र त्यो आवश्यकता कुनै एक निकायले मात्र पुरा गर्न सक्दैन । हाल सम्म जिल्लामा सहयोग कार्यहरु प्रभावकारी रुपमा लक्षित समुदायसम्म पुर्‍याउन जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी, जिल्लाका ४ बटै सुरक्षा निकायहरु, विषयगत कार्यालय र सामाजिक संघसंस्था एवं स्थानीय समुदाय क्रियाशिल रहदै आएका छन् । प्रकोप व्यवस्थापनमा सरकारी निकायको अग्रणी भूमिका रहने भएकोले र अन्य निकायहरुलाई पनि उपयुक्त जिम्मेवारी निर्वाह गर्न अभिप्रेरित गर्ने अभिप्रायले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको हो ।

विपद् व्यवस्थापनको क्षेत्र अन्तर्गत जोखिम न्यूनीकरण र पूर्वतयारी, उद्धारराहत तथा पुनर्स्थापना र पुनःनिर्माण जस्ता कार्यहरु पर्दछन् । विपद्पूर्व न्यूनीकरण र पूर्वतयारीका कार्यहरु व्यवस्थित तरिकाले सम्पन्न गर्न सकिएको अवस्थामा विपद् पश्चात प्रभावकारी रुपमा उद्धार र राहत कार्य गर्न सकिन्छ भन्ने कुरा विभिन्न अध्ययनले देखाएका छन् । यद्यपि पिद्लाई कुनै एकमात्र सावधानीले पर्याप्त हुदैन । अन्तर्गत दुईवटा चरण हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन हो भने द्रोश्रो चरण विपद् पछिको उद्धार र राहत एवं सीघ्र पुर्नलाभका कार्य हो । सो को लागि यस विपद् पूर्वतयारी तथा प्रतिककार्य योजनाले केही सघाउ पुर्‍याउने आशा गरिएको छ ।

## १.२ नेपालमा विपद् जोखिम व्यवस्थापन र वर्तमान नीति :

नेपालमा दैवीप्रकोप उद्धार ऐन, २०३९ लागू भएपछि विपद् व्यवस्थापनमा उद्धार तथा राहत कार्यका अतिरिक्त पूर्वतयारी तथा न्यूनीकरण कार्यलाई जोड दिन थालिएको देखिन्छ । सन १९९१ मा प्राकृतिक प्रकोप न्यूनीकरण अन्तर्राष्ट्रिय दशकको घोषणा भएपछि विपद् व्यवस्थापन पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको देखिन्छ । १८–२२, जनवरी, २००५, मा जापानको हयोगा शहरमा भएको विश्व विपद् जोखिम न्यूनीकरण सम्मेलन (World Disaster Risk Reduction Conference, 2005) बाट जारी गरिएको घोषणा-पत्रलाई पालना गर्दै नेपालले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ तयार गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । २५ आश्विन, २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि जोखिम न्यूनीकरण सम्वन्धी अवधारणाहरुलाई आपतकालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पूनर्लाभ (Recovery) सम्वन्धी कार्यक्रममा व्यवस्थित रुपमा समावेश गर्ने उल्लेख गरिएको छ । विपद् पूर्वतयारीका लागि तर्जुमा गरिएको राष्ट्रिय कार्ययोजना लागू भएपछि विभिन्न किसिमका प्राकृतिक विपद्हरुलाई सम्बोधन गर्न आवश्यक उपायहरु अवलम्वन गर्न थप प्रयास भैरहेको छ र जापनको केन्जाईमा सन् २०१४/२०१५ मा विश्व सम्मेलनले स्वीकृत गरेको केन्जाई फ्रेमवर्कले प्रदान गरेको दिशा निर्देशबाट समेत नेपालले विपद्को पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास जारी रहेको छ ।

## दैवी प्रकोप उद्धार ऐन,२०३९

नेपालमा विपद् व्यवस्थापनको कानूनी संरचनाको शुरुवात २०३९ सालमा जारी भएको दैवीप्रकोप (उद्धार) ऐन, २०३९ वाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । यो ऐनले देशको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको संस्थागत संरचनाको व्यवस्था गरेको छ । जुन यस प्रकार रहेको छ ,

### विपद् व्यवस्थापनको संस्थागत संरचना

क. केन्द्रिय विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय स्तरको सवैभन्दा माथिल्लो यस समिति अन्तर्गत राहत, उद्धार तथा उपचार उपसमिति र आपूर्ति, आश्रयस्थल तथा पुर्नस्थापना उपसमिति रहेको छन् ।

ख. जिल्ला विपद् व्यवस्थापन समिति

ग. स्थानीय विपद् व्यवस्थापन समिति

## स्थानीय तह कार्यसंचालन ऐन, २०७४

स्थानीय तह कार्यसंचालन ऐन, २०७४ ले स्थानीय तहका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरण मैत्री विकास व्यवस्थापनको लागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र प्रकोप बीचको अन्तर सम्बन्धलाई प्रत्यक्ष वा परोक्ष रुपमा जोड दिएको  छ। यस ऐनले स्थानीय तहहरुलाई जिल्ला तथा गा.पा.हरुका समस्याको समाधान आफैले खोज्न प्रोत्साहन गरेको  छ। यसरी यस ऐनले स्थानीय तहलाई उत्तरदायी बनाएको  भएपनि भएका व्यवस्थालाई कार्यान्वयन गर्नआवश्यक जनशक्ति तथा वजेटको विनियोजन नहुंदा ऐनमा व्यवस्था गरेका अवधारणाहरुको कार्यान्वयन पक्ष एकीकृतरुपमा अगाडी बढाउन कठिन परेको अवस्था छ।

## विपद् सम्बन्धी राष्ट्रिय रणनीति, २०६६

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणा तथा प्रतिवद्वताहरुको कार्यान्वयनको लागि नेपालमा दैवीप्रकोप उद्धार कार्यलाई थप व्यवस्थित गराउन नेपाल सरकारद्वारा विपद्सम्बन्धी राष्ट्रिय रणनीति, २०६६ जारी भएको छ भने संचालन गरिने विपद् व्यवस्थापन, राहत, उद्वार र प्रतिकार्य योजना तयारी गरी सरोकारवालाहरुको परिचालन गर्न भूमिका किटान गरी कार्य शुरु भएको छ। साथै यसमा लैङ्गिकतथा सामाजिक समावेशीकरण सम्वन्धी राज्यका मूलनीतिलाइ सुनिश्चित गर्न केही संस्थागत व्यवस्था समेत गरेको छ । महत्वपूर्ण केही व्यवस्थाहरु :

- विपद्जोखिम व्यवस्थापनका सबै चरणहरुमा लैङ्गिक सवाल तथा समावेशीकरणलाई मुल प्रवाहमा ल्याइनेछ।
- कुनै वर्ग, जात तथा जातिय समुहले परिस्थितिलाइ थप जटिल पार्न सक्दछन् भन्ने कुरामा सजग रही आपतकालीन सहयोग तथा राहत कार्यक्रम लगायत विपद् जोखिम न्यूनीकरण सम्वन्धी कार्यक्रमहरु परिस्थितिजन्य जटिलता प्रति संवेदनशील रहनेछन् । यस्तो प्रतिकार्य सञ्चालन गर्दा विपद् भन्दा पहिले, विपद् भइरहेका समयमा र विपद् पछिका अवस्था (Pre, During and Post Disaster scenario) मा तिनको प्राथमिकता पूर्वक पहिचान र विश्लेषण गरिनेछ।
- विपद्का समयमा सार्वजनिक सेवाहरु अवरुद्ध भएका अवस्थामा पनि समुदायमा विद्यमान जीवनधार संरचना तथा प्रणालीहरुका अविच्छिन्न संचालन गन कार्यमा कुन अवरोध नआओस भन्नका लागि समुदायका सब समूह एवं अन्य अल्पसंख्यक समुहका बालबालिका, महिला, वृद्ध-वृद्धा, अशक्त आदिलाइ सूसुचित गन व्यवस्था मिलाइनेछ।
- विपद्का घटनाका प्रकृतिका आधारमा के गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने कुरा थाहा पाउन संकटासन्न वर्गलाई सक्षम तुल्याईनेछ । यसका लागि आवश्यक पर्ने ज्ञान, क्षमता, अवसर तथा अधिकारको प्रयोग गर्न उनीहरुमा चेतना अभिवृद्धि गरी आत्मविश्वास बढाउने प्रकृतिका क्रियाकलाप संचालन गरिनेछ।
- जोखिमपूण अवस्थामा रहेका परिवारहरु विशेष गरी महिला, वालवालिका, एकल महिला र पुरुष, अशक्त, विरामी सबैको पूर्व पहिचान गरी तदनरुप उद्वार, राहत तथा पुनःस्थापनाका  लक्षित  कार्यक्रम  (Rescue, relief and rehabilitation targeted program) संचालन गरिने  छन ।
- घर परिवार र समुदायमा आर्थिक तथा सामाजिक अधिकारबाट बञ्चित सीमान्तकृत अवस्थाका जीवनयापन गरिरहेका वर्गका लागि विपद्का समयमा विशेष सहयोग र संरक्षण आवश्यक पर्ने हुँदा पूर्वतयारी तथा जोखिम न्यूनीकरण, उद्वार तथा राहत, प्रतिकार्य, पुनर्लाभ (Recovery) का कार्यक्रमका समयमा ती समुहको आवश्यकता  प्रति विशेष ध्यान दिईनेछ।

## १.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा अपेक्षित नतिजा

### प्रकोप पूर्वतयारी कार्य योजनाको उद्देश्य :

यस योजनाको मुख्य उद्धेश्य पर्वत जिल्लामा विपद्बाट हुनसक्ने सम्भावित  जोखिम पहिचान गर्ने, विपद्का क्षति कम गर्न आवश्यक पूर्वतयारी तथा प्रतिकार्यको लागि स्रोत साधन र जिम्मेवारी सहितका कार्ययोजना तयार गरी जनधनका क्षतिकम गर्ने रहेको छ । विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुको भूमिका र जिम्मेवारी उल्लेख गरी कार्यान्वयनका लागि तयार पारिएको यस योजनाको अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्।

- विपद् अवस्था र संकटासन्न न.पा. ⁄गा.पा.हरुको पहिचान गरी स्तरीकरण गर्न ।
- विपद्पूर्व, प्रकोप पारिरहेको समयमा र प्रकोप पछि गर्नु पर्ने कार्यहरुको पूर्वतयारी⁄विश्लेषण गर्नु ।

- विपद्‌वाट प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नु ।
- विभिन्न निकाय तथा संघसंस्थाहरुबीच समन्वय गरी कार्यक्रमलाई एकीकृत रुपमा अगाडि लैजानु ।
- विपद्‌को अवस्थामा परिचालन गर्न सकिने जनशक्ति पहिचान गरी जिम्मेवारीको बाँडफाँड गर्ने र जिम्मेवारी प्राप्त विभिन्न संघसंस्थाहरुको कार्य जिम्मेवारी तोकी पूर्वतयारी गर्ने ।
- विपद् पश्चात उद्धारका लागि तत्काल घटनास्थल पुग्ने अवस्थाका सृजना गर्न ।
- विपद्‌का उच्च जोखिममा रहेका अशक्त, गर्भवति, सुत्केरी महिला, वालवालिका, एच.आई.भी. संक्रमित तथा वृद्ध वृद्धाहरुलाई प्राथमिकतामा राखी राहतका कार्यक्रमहरुको योजना वनाउन ।
- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तया पर्याप्त तथा सहयोग योजना तर्जुमा गर्नु
- मानवीय असरहरूलाई कम गर्न विपद्‌वाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै सरकारलाई सहयोग उपलब्ध गराउनु हो तथा कुनै पनि मानवीय सहयोग सिद्धान्त अर्थात मानवता, निष्पक्षता तथा तटस्थता बमोजिम उपलब्ध गराउनु ।

## विपद् पूर्वतयारी कार्य योजनाको अपेक्षित परिणामहरु :

यसविपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्तगर्न खोजेका परिणामहरुयसप्रकार रहेका छन्।

- जिल्लास्तरमा उपलब्ध क्षमता (पूर्वतयारी र प्रतिकार्य) को लेखाजोखा गरिने,
- विपद् जोखिम विश्लेषण हुने,
- विभिन्न निकाय बीचको समन्वय प्रभावकारी भई राहत उद्धार कार्य प्रभावकारी हुने ,
- प्रतिकार्यमा संलग्न साझेदार र क्षेत्र अगुवा तथा सदस्य संस्थाहरुको भूमिका र जिम्मेवारीको जानकारी हुने हुने,
- सरोकारवाला सरकारीतथागैरसरकारीनिकायहरुद्धारा गरिने विपद् जोखिम कार्य व्यवस्थित हुनेछ ।
- जिल्लामा विपद् जोखिम व्यवस्थापनका लागि भएको स्रोत साधनको पहिचान, स्थान, सम्पर्क लगायत विभिन्न क्षेत्रसंग सम्वन्धित समस्या एवं चुनौतीहरुको वारेमा सरोकारवालाहरुलाई जानकारी हुने ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये पूर्वतयारी कार्ययोजना विपद् परेलगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्‌को समय ज्यादै संवेदनशील भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले यस कार्ययोजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । पूर्वतयारी कार्ययोजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ :।

- योजनाले विपद्‌को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद् जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्‌कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्‌भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई विपद्‌को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## पूर्वतयारीका लागि सामान्य मान्यताहरु :

- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार नीति अनुरुप समग्र समन्वयको काम हुनेछ ।
- विषयगत समन्वय गर्दा मुख्य माग वा आवश्यकता पुरा होस भन्नेमा ध्यान पुऱ्याइने छ ।

- नेपाल रेडक्रस सोसाइटी लगायतका सहयोगी संस्थाको भूमिका सबै सरोकारवालाहरुले बुझ्ने गरी उल्लेख गर्ने ।
- यस कार्यमा संलग्न संस्थाहरुप्रति अनावश्यक रुपमा अपेक्षा राख्ने अवस्था नआउने वातावरण तयार गर्ने ।
- विपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधाको लागि समन्वयमा जोड दिने ।
- स्थानीय संजालमा आधारित संस्थाहरुलाई क्षमताअनुसार प्रभावकारी रुपमा परिचालनगर्ने ।

## १.४ विपद् पूर्वतयारी कार्य योजनाको तयारीका प्रक्रिया :

जिल्लामा वर्षौंदेखि विभिन्न प्रकारका विपद्हरु पर्दै आएको र सो को लागि व्यवस्थापनको लागि विभिन्न संघसंस्थाहरु जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा परिचालित हुँदै आएका छन् । हाल विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद्बाट पर्ने तत्कालीन तथा दीर्घकालीन प्रभावलाई जोखिम व्यवस्थापनका माध्यमवाट न्यून गरी दिगो विकासको लक्ष्य लिए अनुसार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, मा भएको व्यवस्था अनुसार र सोही मार्गदर्शनको अवधारणागत ढाँचामा रहेर यो कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा र अन्य विषयगत निकाय तथा सरोकारवालाहरुको साझा प्रयासवाट तयार गरिएको हो । देहायको प्रक्रिया पुरा गरी यो कार्ययोजना तयार गर्ने प्रयास गरिएको छ ।

- जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा भए गरेका तथा नेपाल रेडक्रस सोसाईटी, जिल्ला समन्वय समिति, सम्पूर्ण सुरक्षा निकाय, विषयगत कार्यालय र अन्य सरोकारवाला निकायद्वारा यस जिल्लामा संचालन भैरहेका विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारी तथा राहत कार्यक्रम अन्तर्गत आकस्मिक पूर्वतयारी योजना तयारीको लागि अन्तरक्रिया तथा जिल्ला विपद् व्यवस्थापन समितिको वैठक आयोजना गरी कार्यदल निर्माण गरिएको,
- प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको जिल्ला विपद् व्यवस्थापन समितिको प्रत्यक्ष सहयोगमा छलफल गरी सुझावहरु संकलन गरिएको छ,
- विपद्को क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थावाट यस योजनाका लागि प्राप्त सुझावई समावेश गरिएको छ ।
- योजनालाई अन्तिम रुप दिनुअघि थप सल्लाह/सुझावकालागि राजनीतिक दलहरु समेतको संयुक्त वैठकमा पेश गरी प्राप्त सुझाव समावेश गरी यो योजनामा तयार गरिएको छ ।
- अन्त्यमा योजना जिल्ला दैविप्रकोप उद्धार समितिको वैठकवाट स्वीकृति पश्चात कार्यान्वयनमा लगिएको ।

## १.५ विपद् पूर्वतयारी कार्य योजनाको तयारीका सीमाहरु :

यो योजना विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को आधारमा विभिन्न सरोकारवाला निकायसँगको छलफल पछि तयार गरिएको हो । उपलब्ध सीमित जनशक्ति, सीमित स्रोत र साधन, लगायतका कारणहरु पनि यो कार्ययोजना तयारीका सीमाहरु रहे । यसमा उल्लिखित विभिन्न गतिविधिहरुको लागि आवश्यक बजेट जुटाउन नसक्ने अवस्था रहेमा कार्ययोजनाको पूर्ण कार्यान्वयमा पनि समस्या पैदा हुन सक्छ । अर्कोतर्फ यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सामाजिक, आर्थिक, मानवीय, भौतिक पूँजीको सहज उपलब्ध हुन नसकेमा प्रस्तावित कार्यायोजना कार्यान्वयनमा कठिनाई सिर्जना हुन सक्छ ।

# परिच्छेद २
# पर्वत जिल्लाको परिचय र जिल्लामा विपद्को अवस्था

## २.१ पर्वत जिल्लाको परिचय

पश्चिम नेपालको पहाडी क्षेत्रमा अवस्थित पर्वत जिल्ला ४९४ वर्ग कि.मी. (४९,४००हेक्टर) भौगोलिक क्षेत्रफल भित्र फैलिएको छ । समुन्द्र सतहबाट ५२० मिटर उचाईमा रहेको सेतीवेणी देखि ३३०९ मिटर अग्लो शालिजा हम्पालको लेक सम्मको भू-भाग रहेको यस जिल्लाको सदमुकाम कुश्मा रहेको छ । धरातलीय र भौगोलिक विविधता अनुसारनै यस जिल्लामा हावापानी र अन्य प्राकृतिक अवस्थामा पनि सामान्य विविधता पाइन्छ । गर्मी हावापानी देखि केही ठण्डा हावापानीले गर्दा जैवीक विविधताका दृष्टिले यो जिल्ला प्रसिद्ध छ । भौगोलिक र वातावरणीय विविधताले गर्दा यहाँ प्रशस्त नदी नाला तथा खोलाहरु बग्छन जसले वर्षेनी विपद्का घटनाहरु हुने गर्दछन । कुश्मा बजार सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा कास्की र स्याङ्जा, दक्षिणमा स्याङ्जा र गुल्मी, पश्चिममा गुल्मी बाग्लुङ र उत्तरमा म्याग्दी जिल्ला पर्दछ । यस जिल्ला १ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र, २ प्रदेश सभा निर्वाचन क्षेत्र तथा स्थानीय तह मध्ये ५ गा.पा. र २ नगरपालिकामा विभाजित रहेको छ ।

## भौगोलिक अवस्थिति :

पर्वत जिल्ला नेपालको पश्चिामाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरीको एक पहाडी जिल्ला हो । जिल्ला ८३ डिग्री ३३ मिनेट ४० सेकेण्ड देखि ८३ डिग्री ४९ मिनेट ३० सेकेण्ड सम्म पुर्वी देशान्तर र २८ डिग्री १९ सेकेण्ड देखि २८ डिग्री २३ मिनेट ५९ सेकेण्ड उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ । (श्रोतःजिल्ला विकास योजना २०७२।७३) । धेरैजसो पहाडी भूभाग रहेको यस जिल्लामा खोंच, बेसी तथा उच्च डाँडाकाँडाहरु रहेका छन ।

## भू-उपयोग :

जिल्लाको कुल क्षेत्रफल ४९,४०० हेक्टर मध्ये २८५९२ हेक्टर कृषियोग्य जमिन, १९९९७ हेक्टर वन क्षेत्र र बाँकी भू-भाग भिरपहरा, खोलानाला, पहिरो, हिमक्षेत्र, चट्टान, सडक, बस्तीले ओगटेको छ । कुल कृषियोग्य जमिन २८५९२ हेक्टर मध्ये सिञ्चित भूमि ९०२१ हेक्टर खेत, पाखो बारी १५१५० हेक्टर भू-भाग रहेको छ ।(श्रोतः जिल्ला समन्वय समिति, सूचना शाखा ) जमिनका वर्गीकरण निम्न तालिकामा देखाइएको छ । भौगोलिक अवस्थितिलाई विचार गर्दा यस जिल्ला २ भागमा विभाजन गर्न सकिन्छ ।

क) पहाडी पर्वत भूमि

ख) नदी किनार समतल भूमि

भू-उपयोगका आधारमा हेर्दा यस जिल्लाको नदी किनार समतल भूमि मलिलो भएकोले उब्जाउ योग्य छ । लेक पहाडी भूमि कहिंकतै समतल भिरालो भूमिमा लेकाली अन्न, धान  कोदो, आलु, मकै, फापर, जौ, फलफूल उत्पादन योग्य छन् । कूल प्रशोधित खाद्यान्न उत्पादन २६२५४ मेट्रिकटन हुन्छ भने आवश्यक खाद्यान्न ३७१९६ मेट्रिकटन  हुन्छ । यसरी उत्पादनबाट नपुग खाद्यान्न १०९४२ मेट्रिकटन भई बाहिरबाट आयात गर्नुपर्ने देखिन्छ । यस जिल्लाको पहाडी डाँडापाखा तथा खोला किनारको खेतीयोग्य जमिनलाई वर्षे खोलानाला तथा कालीगण्डकी, मोदी खोला, सेती खोला लगायतको कटानले उब्जाउ हुने खेतीयोग्य जमिन कटान गरिरहेको छ ।

## जिल्लाका मूख्य नदीनालाहरुको विवरण :

यस जिल्लाको प्रमुख नदी कालीगण्डकी हो भने सहायक नदी तथा खोलाहरुमा मोदीखोला, सेतीखोला, रतीखोला, लमाएखोला, चिर्दीखोला, भुरुंगदी, लुंदी, लस्ती, वाच्छा, मल्यांगदी, जहरे, पातीखोला, पैयुखोला, सिव्दीखोला, खाल्टेखोला, लगायत अन्य साना

खोलानालाहरु रहेका छन् । अन्य वर्षे खोलाहरु हिउँदको समयमा सुख्खा रहे पनि वर्षा याममा बाढीको रुपमा उर्लेर आउने भएकोले भिरालो क्षेत्रमा धेरै जमिन कटान गरी भिरालो बस्तीको बासिन्दालाई आहत पु¥याइरहेको छ ।

## सम्भावित भू-क्षय क्षेत्र :

यस जिल्लाको उत्तर पश्चिमबाट दक्षिणसम्म बग्ने कालीगण्डकी किनारका उर्वर जमिन पूर्वबाट पश्चिमतर्फ बगेको मोदीखोला, सेतीखोला, तथा खहरे खोलाहरुमा वर्षातको समयमा आउने बाढी पहिराबवाट जमिनको कटान मात्र नभएर जनधनको क्षति समेत हुने गरेको छ । अर्कोतर्फ त्यस्ता खोलाहरुमा आउने बाढी तथा पहिरोको कारण उत्पादन योग्य भूमिहरु दिन प्रतिदिन बगरमा परिणत भई खेती योग्य जमिनको क्षेती हुने गरेको छ । खास गरी खोला नदीले वारीबेनी, मिलनचोक, लस्ती फर्से बजार, नयाँपुल, सेतीबेनी बजार, काली नदीका किनारका स्थानहरुमा बर्षातको समयमा बाढी आई कटान डुवान तथा बाढीबाट जनधनको क्षति हुने गरेको छ । त्यस्तै लुङदी, लस्ती, मोदीखोला, रतिखोला, मल्याङदीखोला, लमायखोला, बाच्छाखोला, पैंयुखोला, चिर्दीखोला जस्ता ठुला तथा खहरे खोलाहरुले जलजला गा.पा.का लुङदी, लस्ती, कुश्मा न.पा.को अर्मादी, मोदी गा.पा.का देउपुर, तिलाहार, देउराली, क्यांग, फलेवास न.पा.को खानीगाँउ, भंगरा, पैंयू गा.पा.का भोर्ले, सरौंखोला, हुवास, त्रिवेणी, टकलाक, विहादी गा.पा.को शालिग्राम, लगायतका विभिन्न स्थानहरु प्रभावित हुने गरेका छन् । भिरालो र नदीनाला भएको यस जिल्ला वर्षात याममा पहिरो जाने हुँदा फलेवास न.पा.का शंकरपोखरी, ठानामौला, कार्कीनेटा, भंगरा, जलजला गा.पा.का लेखफाँट, धाईरिङ्ग, शालिजा, नाङ्लीवाङ्ग, बनौ, मोदी गा.पा.का बाजुङ्ग, भुकताङ्गले, तिलाहार, क्यांग, देउराली, देउपुर, चित्रे, कुश्मा न.पा.का शिवालय, आर्थरडाँडाखर्क, खौलालाँकुरी, महाशिला गा.पा.का बालाकोट, होर्स्याङ्दी, पैंयू. गा.पा.का भोर्ले, सरौंखोला, टकलाक लगायतका स्थानहरु पहिरो प्रभावित गा.पा. हुन । अन्य केही सम्भावित स्थानहरु पनि रहेका छन् । सुख्खा गर्मी याममा आगलागीबाट धनजनको क्षति हुनेगरेको छ भने हावाहुरीबाट पनि घर, गोठ, विद्यालयको छाना उडाई यस जिल्लाका विभिन्न संस्था तथा व्यक्तिहरु प्रभावित हुने गरेका छन् । वनजंगल विनाशको कारणले गर्दा पनि भू-क्षय वा भू-स्खलन हुने गरेको छ । भने वर्षेनी विभिन्न गा.पा.मा अवस्थित जंगलहरुमा आगलागी हुने गरेको छ । जिल्लाको तथ्यांक हेर्दा वर्षेनी चट्याङ्गबाट समेत धनजनको क्षति हुने गरेको छ । क्षतिको हिसाबले हेर्दा पर्वत जिल्लामा सबै प्रकारका विपद्हरुबाट सामान्य रुपमा क्षति हुने गरेको छ ।

## जलवायु

पर्वत जिल्लाको हावापानी उष्ण मनसुनी किसिमको भएकोले गर्मी याममा नदी किनार समथर क्षेत्रमा दिउँसो सुर्यको तापले जनजीवनलाई निकै असर पु¥याउँछ भने हिमाली उच्च पहाडी क्षेत्रमा जाडोको समयमा बढी जाडो हुने भएकोले जनजीवनलाई ठण्डीले कष्टकर नै तुल्याउँछ । यहाँको तापक्रम गर्मीमा ३५ डिग्री सेल्सीयस सम्म पुग्ने गरेको छ भने जाडो याममा ७.५ डिग्री सेल्सियससम्म झरेको पाइन्छ । औसत वर्षा अधिकतम वार्षिक २६०० मिली लिटर र न्यूनतम २४०० मिली लिटर सम्म रहने गरेको छ । जलवायु परिवर्तनका समग्र असरहरु वाहेक धेरै गर्मी तथा बढि जाडोको कारण खासै क्षति हुने गरेको देखिदैन ।

## जलभण्डार

यस जिल्लाको जलजला ताल र पञ्चासेमा रहेको पञ्चासे ताल पर्यटकीय दृष्टिकोणले अति महत्व र पौराणिक छन् भने कालीगण्डकी नदीमा नौका विहार तथा सेतीबेनीको स्टिमरले यातायात र मनोरञ्जन दुवै सुविधा उपलब्ध गरेको छ । काली नदीको जलभण्डारलाई खासै उपयोग गर्न सकिएको छैन भने मोदीखोलामा सञ्चालन भएका विद्युत उत्पादन योजना तथा सम्भावित योजनाका कारण यसले उर्जा उत्पादन नदीको रुपमा पनि पहिचान बनाउन सक्ने देखिएको छ । मुस्ताङ्ग जिल्लामा रहेका एकाध साना हिमतालहरु फुट्ने र सो वाट क्षति हुने संभावना यस जिल्लामा अत्यन्त कमी देखिन्छ ।

## भू-क्षय, आगलागी, भुकम्प

विभिन्न खोलानालाहरुमा आउने बाढी पहिरोको कारण कृषिजन्य भूमिको क्षय, विभिन्न स्थानमा हुने वेलावेलाको आगलागी, भूकम्प, बाढी पहिरो, असिना, चट्याङ्ग, हुरीवतासबाट यस जिल्लामा विपद्जन्य घट्नाहरु हुन् भने २०७२ सालको विनाशकारी भुकम्पले यस जिल्लामा पनि भौतिक क्षति पुऱ्याएको थियो ।

## जनसंख्या

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस जिल्लामा घरधुरी ३१५२७ मा बसोवास गर्ने ३५७१९ परिवार छन् । जिल्लाको कुल जनसंख्या १४६५९० मध्ये महिला ८१२८९ र पुरुष ६५३०१ छ । १ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र २ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र भएको यस जिल्लाको मतदाता संख्या ११८२३३ छ जिल्लाको जनघनत्व २९.७ वर्ग कि.मी. रहेको देखिन्छ यस जिल्लामा गुरुङ्ग, मगर, ब्राहमण, क्षेत्री, नेवार, कुंवर, घर्ती, ठकुरी, सन्यासी, कुमाल, बोटे, माझी, थकाली, मुस्लिम, दमाई, कामी, सार्की जस्ता विभिन्न जातजाती र समुदायको बसोवास भएको पाइन्छ । यहाँ सबै भन्दा बढी नेपाली भाषा बोल्ने समुदाय रहेका छन् भने क्रमशः नेवारी, गुरुङ्ग, मगर हिन्दी, भाषा बोल्ने व्यक्तिहरुको बसोवास रहेको छ । यस जिल्लाको अधिकाशं जनसंख्या कृषिमा आश्रित छन् । वैदेशिक रोजगारमा पनि यहाँका व्यक्तिहरु हुदाँ रेमिटान्स पनि मुख्य आयस्रोत हुन । कृषिजन्य भुमीक्षय, प्रकोपबाट प्रभावित, नागरिकले पाउने अधिकार सुविधाबाट उनीहरु बञ्चित हुन नपरोस भन्ने दृष्टिकोणले सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरुबाट विशेष प्रयास गर्नु जरुरी छ ।

**गा.पा./न.पा. अनुसार घरधुरी तथा जनसंख्या विवरण** (राष्ट्रिय सर्वेक्षण २०१०):

| क्र.सं. | गा.पा../न.पा को नाम | घरधुरी | जम्मा जनसंख्या | पुरुष जनसंख्या | महिला जनसंख्या |
|---|---|---|---|---|---|
| १ | जलजला गाउँपालिका | ५५६१ | २१४५४ | ९७०८ | ११७४६ |
| २ | कुश्मा नगरपालिका | १०३११ | ३९६०० | १७७३९ | २१८६१ |
| ३ | मोदी गाउँपालिका | ५४७९ | २१२८४ | ९२८२ | १२००२ |
| ४ | फलेवास नगरपालिका | ६०३६ | २५३६६ | १०९८२ | १४३८४ |
| ५ | महाशिला गाउँपालिका | २०७६ | ९१७९ | ४०७५ | ५१०४ |
| ६ | विहादी गाउँपालिका | २९४१ | १३४०३ | ५८४९ | ७५५४ |
| ७ | पैंयू गाउँपालिका | ३२९४ | १५३८१ | ६७९५ | ८५८६ |
| **जम्मा** | | **३५,६९८** | **१४५,६६७** | **६४,४३०** | **८१,२३७** |

(स्रोतः राष्ट्रिय जनगणना, २०६८)

**जिल्ला सदरमुकाम देखि गा.पा./न.पा.का वडासम्मको दुरी तथा दुर्गमताको विश्लेषण :**

| क्र.सं. | गा.पा../न.पा को नाम | वडा नं. | वडाको नाम | मुख्य बजार | | बाह्रैमहिना सडकसम्मको दुरी | जिल्ला सदरमुकाम सम्मको दुरी | दुर्गमताको अवस्था | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजारको नाम | दुरी कि.मी. | | | | |
| १ | जलजला | १ | बांसखर्क | पर्वत बेनी | १७ | १३ | ३३ | २३ | २१ |
| | | २,३,४ | माझफांट | पर्वत बेनी | ६ | ८ | २८ | १८ | २९ |
| | | ५ | लेखफांट | मिलनचोक | १२।४ | १४ | ३४ | २४ | १९ |
| | | ६ | शालिजा | मिलनचोक | १४।२९ | १४ | ३४ | २४ | २० |

| क्र.सं. | गा.पा../न.पा को नाम | वडा नं. | वडाको नाम | मुख्य बजार | | बाह्रैमहिना सडकसम्मको दुरी | जिल्ला सदरमुकाम सम्मको दुरी | दुर्गमताको अवस्था | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजारको नाम | दुरी कि.मी. | | | | |
| | | ७ | धाईरिङ्ग | मिलनचोक | ७ | ७ | २७ | १७ | ३० |
| | | ८ | नाङ्गलीवाङ्ग | बाग्लुङ्ग | १२ | ३ | १६ | ९।५ | ४३ |
| | | ९ | बनौ | कुश्मा | १८ | १३ | १८ | १५।५ | ३३ |
| २ | मोदी | १ | भुकताङ्गले | नयांपुल कास्की | ११ | १२।३ | २५ | १८।६५ | २६ |
| | | २ | देउपुर | पातीचौर | १२।३८ | ८ | १८ | १३ | ३६ |
| | | ३ | देउराली | पातीचौर | १६।८७ | १३ | २३ | १८ | २८ |
| | | ४ | क्याङ्ग | पातीचौर | ११ | १४।५ | २४।५ | १९।५ | २४ |
| | | ५ | बाजुङ्ग | पातीचौर | ६ | ६ | १६ | ११ | ३९ |
| | | ६ | तिलाहार | डिमुवा | १ | १ | १२ | ६।५ | ५१ |
| | | ७ | राम्जादेउराली | डिमुवा | ६।५ | ९ | १५ | १२ | ३८ |
| | | ८ | चित्रे | डिमुवा | १३ | ८ | १९ | १३।५ | ३४ |
| ३ | कूश्मा | १ | पाङ्ग | बाग्लुङ्ग | ९ | ३ | १० | ६।५ | ४९ |
| | | २ | खुर्कोट | कुश्मा | ७ | ६ | ७ | ६।५ | ४७ |
| | | ३ | दुर्लुङ्ग | कुश्मा | १० | २ | १० | ६ | ५२ |
| | | ४,५,६,७ | शिवालय | कुश्मा | ० | ० | ० | ० | ५५ |
| | | ८ | चुवा | कुश्मा | ४ | ०।५ | ४ | २।२५ | ५४ |
| | | ९ | कटुवाचौपारी | कुश्मा | १२ | ० | १२ | ६ | ५३ |
| | | १० | पिपलटारी | कुश्मा | ११ | २ | ११ | ६।५ | ५० |
| | | ११ | पकुवा | कुश्मा | ९ | ४ | ९ | ६।५ | ४८ |
| | | १२ | ठुलीपोखरी | कुश्मा | १३ | ६ | १३ | ९।५ | ४४ |
| | | १३ | खौलालाकुरी | कुश्मा | १६ | ३ | १६ | ९।५ | ४२ |
| | | १४ | आर्थर डांडाखर्क | कुश्मा | १७।५ | १३।५ | १७।५ | १५।५ | ३२ |
| ४ | फलेवास | १ | कार्किनेटा | पोखरा | ५१ | ० | १९ | ९।५ | ४१ |
| | | २ | थापाठाना | पोखरा | ५४ | २।५ | २२ | १२।२५ | ३७ |
| | | ३ | शंकरपोखरी | कुश्मा | १९।५ | ७।५ | १९।५ | १३।५ | ३५ |
| | | ४ | मुडिकुवा | कुश्मा | १५ | ० | १५ | ७।५ | ४६ |
| | | ५ | खानीगाउं | कुश्मा | १९ | १ | १९ | १० | ४० |
| | | ६ | देविस्थान | कुश्मा | १८ | ० | १८ | ९ | ४५ |
| | | ७ | लिमिठाना | कुश्मा | २६ | ८ | २६ | १७ | ३१ |
| | | ८ | ठानामौला | कुश्मा | २८ | १० | २८ | १९ | २५ |
| | | ९ | भंगरा | पोखरा | ६२ | ११।५ | २९ | २०।२५ | २२ |
| | | १० | कुर्घा | कुश्मा | ३० | १० | ३० | २० | २३ |
| | | ११ | पाङ्गराङ्ग | कुश्मा | ३५ | १५ | ३५ | २५ | १६ |

| क.सं. | गा.पा../न.पा को नाम | वडा नं. | वडाको नाम | मुख्य बजार | | बाह्रैमहिना सडकसम्मको दुरी | जिल्ला सदरमुकाम सम्मको दुरी | दुर्गमताको अवस्था | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजारको नाम | दुरी कि.मी. | | | | |
| ५ | महाशिला | १ | होश्राङ्गदी | वालिङ्ग | ३० | ३२ | ५१ | ४१।५ | १ |
| | | २ | भोक्सीङ्ग | पोखरा | ७७ | २५ | ४४ | ३४।५ | २ |
| | | ३ | बालाकोट | पोखरा | ७५ | १९ | ४१ | ३० | ५ |
| | | ४ | पाखापानी | पोखरा | ७५ | १४ | ४१ | २७।५ | ७ |
| | | ५ | लुंखुदेउराली | पोखरा | ७५ | १६ | ३८ | २७ | १० |
| | | ६ | फलामखानी | पोखरा | ६२ | ६ | ३१ | १८।५ | २७ |
| ६ | विहादी | १ | बाच्छा | कुश्मा | ३१ | १७ | ३१ | २४ | १८ |
| | | २ | बर्राचौर | वालिङ्ग | ४४ | ८ | ४३ | २५।५ | १५ |
| | | ३ | रानीपानी | वालिङ्ग | ४० | ६ | ४६ | २६ | १४ |
| | | ४ | बाहाकीठांटी | वालिङ्ग | ३५ | ०।५ | ४८ | २४।२५ | १७ |
| | | ५ | उरामपोखरा | वालिङ्ग | ३२ | ३ | ५४ | २८।५ | ६ |
| | | ६ | शालीग्राम | वालिङ्ग | ३४।३ | २ | ५३ | २७।५ | ८ |
| | | १ | बाच्छा | कुश्मा | ३१ | १७ | ३१ | २४ | १८ |
| ७ | पैंयू | १ | टकलाक | वालिङ्ग | ३२ | ४ | ५९ | ३१।५ | ३ |
| | | २ | त्रिवेणी | वालिङ्ग | २५ | ० | ५५ | २७।५ | ९ |
| | | ३ | बेउलीवास | वालिङ्ग | २९ | ३ | ५८ | ३०।५ | ४ |
| | | ४,५ | हुवास | वालिङ्ग | २२ | ० | ५२ | २६ | १३ |
| | | ६ | सरौखोला | वालिङ्ग | २५ | ३।५ | ४९।५ | २६।५ | ११ |
| | | ७ | भोर्ले | वालिङ्ग | २७ | ५ | ४७ | २६ | १२ |

स्रोत : जि.स.स.को कार्यालय, पर्वत (वास रणनीतिक योजना)

## २.२ पर्वत जिल्लामा विपद्को सन्दर्भ

पर्वत जिल्ला धवलागिरी अञ्चलमा पर्ने दुर्गम पहाडी जिल्ला हो । यहाँको भू-बनोट पहाडी भिरालो रुपमा रहेका छ । यहाँका वस्तीहरु भिरालो भू-भागमा अवस्थित छन । जसका कारण वर्षातका समयमा बाढीपहिरोको विपद् जोखिम उच्च रहेका देखिन्छ । यस जिल्लामा समशीतोष्ण हावापानी, फरक भू-बनोट, अव्यवस्थित वस्तीका कारणले अधिकांश समुदायहरु विपद्का उच्च जोखिममा रहेका छन । साथै महामारी, आगलागी, खडेरी, असिना, हिमपात, हावाहुरी, जलवायु परिवर्तनको कारणले अतिवृष्टि, अनावृष्टि जस्ता विकराल समस्याहरु समय–समयमा आईपर्ने गरेका छन । यस जिल्लामा सबैभन्दा बढी क्षति वर्षा र पहिरोको कारणले हुने गरेको छ भने असिना, हिमपात, आगलागीका प्रकोपहरु पनि धेरै भएको पाइन्छ । २०७२ साल वैशाख १२ गतेको भुकम्प र सो पश्चातका पराकम्पहरुबाट पर्वत जिल्ला पनि अति प्रभावित बनेको देखिन्छ । ठूलो मानवीय क्षति नभएपनि भौतिक क्षति हेर्ने हो भने यो जिल्ला पनि भुकम्पीय हिसावले उच्च जोखिममा रहेको देखिन्छ ।

जिल्लामा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला स्थित ४ वटै सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी, विभिन्न विषयगत कार्यालयहरु लगायत अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, स्थानीय समुदाय र राजनीतिक दलहरुबाट समेत विपद्को समयमा प्रत्येक वर्ष आर्थिक तथा बस्तुगत सहायता प्रदान गर्दै आइरहेका छन् । आगलागी, बाढी, पहिरो, भूकम्पबाट प्रभावित व्यक्ति, परिवारलाई जिल्ला विपद् व्यवस्थापन समिति र ने.रे.सो. पर्वतले उद्वार तथा राहत सामाग्री गर्दै आईरहेको

थियो । समुदायमा विपद्को विषयमा जनचेतना अभिवृद्धिको लागि विभिन्न समयमा ग्रामिण स्तरका स्वयंसेवकलाई तालिम प्रशिक्षण दिई परिचालन गरिएको छ । यस अवधिमा केन्द्रीय स्तरको प्रशिक्षणमा ४ जना जिल्ला स्तरको प्रशिक्षकमा १२ जना व्यक्तिलाई तालिम प्रदान गरिएको छ । प्रकोप न्यूनिकरण पीडितलाई जनचेतना अभिवृद्धिको लागि निम्न समुदायमा तालिम गोष्ठी प्रशिक्षण प्रदान गरी प्रत्यक्ष रुपमा सहयोग उद्वार कार्यमा समावेश गरिएको छ । हालसम्म विभिन्न गा.पा.मा विभिन्न समयमा कुल १९१० घरधुरीलाई भुकम्प, वाढी, पहिरो, आगलागी, लगायत विपद् सम्बन्धी चेतनामूलक तालिमहरु प्रदान गरी विपद् जोखिम न्यूनीकरण गर्ने प्रयासहरु समेत भएका छन् ।

## २.३. विपद्का घट्ना तथा क्षतिको विवरण

पर्वत जिल्लामा अवस्थित सबै गा.पा.हरुका विपद् जोखिमको विश्लेषण गर्न सामान्यतया विभिन्न आठवटा प्रकोपहरु बाढी, पहिरो, आगलागी, महामारी,भुकम्प, चट्याङ्ग, हावाहुरी, असिना, र हिमपातमध्ये बाढीरपहिरो देखिएका छन् ।

### विगत वर्षमा विपद्बाट भएको क्षतिको विवरण

| क्र.सं. | साल | प्रकोप | क्षति विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | मृत्यु संख्या | घाईते संख्या | क्षति घरधुरी | भएका मुख्य समस्याहरु |
| १ | २०५६ | | - | - | २११ | |
| २ | २०५७ | | - | - | १८० | |
| ३ | २०५८ | | - | - | १०५ | |
| ४ | २०५९ | | - | - | ११८ | |
| ५ | २०६० | | - | - | १७० | |
| ६ | २०६१ | | - | - | १४५ | |
| ७ | २०६२ | | - | - | ४१ | |
| ८ | २०६३ | | २ | - | १५७ | |
| ९ | २०६४ | | १ | - | २७५ | |
| १० | २०६५ | | - | - | १३८ | |
| ११ | २०६६ | | - | - | २२६ | |
| १२ | २०६७ | | ४ | - | ११५ | |
| १३ | २०६८ | | - | - | १६० | |
| १४ | २०६९ | | १ | - | १५२ | |
| १५ | २०७० | | १ | - | ८० | |
| जम्मा : | | | ९ | | २२७३ | |

नोट : माथि उल्लेखित विवरण नेपाल रेडक्रस सोसाइटी पर्वत शाखामा उपलब्ध तथ्याङ्क हो । यस तथ्याङ्कमा बाढी, आगलागी हावाहुरी र प्रकोपबाट भएको क्षतीको विवरण समावेश गरिएको छ । यस जिल्लामा सबैभन्दा बढी असर गर्ने र हुने गरेको प्रकोप वाढी पहिरो, हावाहुरी र आगलागी रहेको छ भने विभिन्न कालखण्डमा आउने गरेको भुकम्पबाट समेत ठूलो आर्थिक भौतिक क्षति हुने गरेको छ ।

### २०७२ सालको विनाशकारी भुकम्पबाट क्षतिको विवरण:

२०७२ साल बैशाख १२ गते शनिवार विहान ११.५६ मिनेटमा गएको ७.६ रेक्टर स्केलको भुकम्प र सो पश्चात निरन्तर गएका पराकम्पहरुबाट पर्वत जिल्लामा भएको घरपरिवारको क्षतिको विभिन्न गा.पा. तथा जिल्ला प्रशासन कार्यालयवाट राहत वितरण भएको विवरण:

| क्र.स | गा.पा./न.पा. | वडा नं. | साविक गा.वि.स | क्षतिको विवरण | | | अन्य क्षति |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण क्षति | आंशिक क्षती | जम्मा | |
| १ | जलजला | १ | बांसखर्क | ० | ९ | ९ | |
| २ | जलजला | २,३,४ | माझफांट | ० | ० | ० | |

| क.स | गा.पा./न.पा. | वडा नं. | साविक गा.वि.स | क्षतिको विवरण | | | अन्य क्षति |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण क्षति | आंशिक क्षती | जम्मा | |
| ३ | जलजला | ५ | लेखफांट | ० | ० | ० | |
| ४ | जलजला | ६ | शालिजा | ५ | ० | ५ | |
| ५ | जलजला | ७ | धाईरिं□ | ५ | ५४ | ५९ | |
| ६ | जलजला | ८ | नांलीवांग | ८ | ९ | १७ | |
| ७ | जलजला | ९ | बनौ | १ | ७ | ८ | |
| ८ | मोदी | १ | भूकता□ले | ० | २२ | २२ | |
| ९ | मोदी | २ | देउपूर | ३ | ३० | ३३ | |
| १० | मोदी | ३ | देउराली | ९ | ९६ | १०५ | |
| ११ | मोदी | ४ | क्यांग | ५ | ९ | १४ | |
| १२ | मोदी | ५ | बाजूं□ | १० | २८ | ३८ | |
| १३ | मोदी | ६ | तिलहार | १३८ | १८२ | ३२० | |
| १४ | मोदी | ७ | राम्जादेउराली | ४६ | ६१ | १०७ | |
| १५ | मोदी | ८ | चित्रे | ६ | ६६ | ७२ | |
| १६ | कूश्मा | | साविक कूश्मा नगरपालिका | १३६ | ३ | १३९ | |
| १७ | कूश्मा | १२ | ठूलीपोखरी | ३६ | २६० | २९६ | |
| १८ | कूश्मा | १३ | खौलालाकूरी | १२ | २२० | २३२ | |
| १८ | कूश्मा | १४ | आर्थर | २० | २७६ | २९६ | |
| २० | फलेवास | १ | कार्किनेटा | १२ | २३ | ३५ | |
| २१ | फलेवास | २ | थापाठाना, | २६ | ० | २६ | |
| २२ | फलेवास | ३ | शंकरपोखरी, | ८६ | ३३३ | ४१९ | |
| २३ | फलेवास | ४ | मूडिकूवा | २३ | १६५ | १८८ | |
| २४ | फलेवास | ५ | खानीगाउं | ३७ | ३११ | ३४८ | |
| २५ | फलेवास | ६ | देविस्थान | ३७ | २६० | २९७ | |
| २६ | फलेवास | ७ | लिमिठाना | ३५ | १६६ | २०१ | |
| २७ | फलेवास | ८ | ठानामौला | ३० | ५३ | ८३ | |
| २८ | फलेवास | ९ | भंगरा | १७ | ५५ | ७२ | |
| २९ | फलेवास | १० | कूर्घा | ६६ | १२२ | १८८ | |
| ३० | फलेवास | ११ | पांगरांग | ४५ | ७४ | ११९ | |
| ३१ | महाशिला | १ | होश्रांगदी | १५ | १२८ | १४३ | |
| ३२ | महाशिला | २ | भोक्सिंग | ३ | ० | ३ | |
| ३३ | महाशिला | ३ | बालाकोट | ८ | ५३ | ६१ | |
| ३४ | महाशिला | ४ | पाखापानी | १३ | १३४ | १४७ | |
| ३५ | महाशिला | ५ | लूंखू | १५ | ७० | ८५ | |
| ३६ | महाशिला | ६ | फलामखानी | ४ | २७ | ३१ | |
| ३७ | विहादी | १ | बाच्छा | २७ | ११८ | १३५ | |
| ३८ | विहादी | २ | बर्राचौर | २१५ | २६८ | ४८३ | |
| ३९ | विहादी | ३ | रानीपानी | २५१ | २८६ | ५३७ | |
| ४० | विहादी | ४ | वहाकीठांटी | १५५ | २५५ | ४१० | |

| क.स | गा.पा./न.पा. | वडा नं. | साविक गा.वि.स | क्षतिको विवरण | | | अन्य क्षति |
|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण क्षति | आंशिक क्षती | जम्मा | |
| ४१ | विहादी | ५ | उरामपोखरा | १२१ | ३८१ | ५०२ | |
| ४२ | विहादी | ६ | शालिग्राम | १४१ | ४०३ | ५४४ | |
| ४३ | पैंयू | १ | टकलाक | ४५ | २९१ | ३३६ | |
| ४४ | पैंयू | २ | त्रिवेणी | २६ | २६५ | २९१ | |
| ४५ | पैंयू | ३ | बेउलीवास | १९८ | ४०८ | ६०६ | |
| ४६ | पैंयू | ४,५ | हूवास | १२३ | ५१७ | ६४० | |
| ४७ | पैंयू | ६ | सरौखोला | ७४ | १७० | २४४ | |
| ४८ | पैंयू | ७ | भोर्ले | ५६ | १०९ | १६५ | |
| | **जम्मा** | | | **२३४४** | **६७७७** | **९१११** | |

नोटः उल्लिखित घरधुरीको विवरण वाहेक सरकारी कार्यालय, विद्यालय भवन, सामुदायिक भवन र मठ मन्दिर गरी कुल १४१ वटा सामुदायिक भवनमा पूर्ण र आंशिक रुपमा क्षति भएको छ । उल्लिखित तथ्यांक जिल्ला प्रशासन कयार्यालयवाट वितरण गरिएको राहतको विवरण अनुसार तयार गरिएको हो । राष्ट्रिय पूनर्निर्माण प्राधिकरणवाट तथ्याङ्क अध्यावधि गर्ने कार्य भने वांकी नै रहेको छ ।

**आ.व. ०७२।०७३ देखि आ.व. ०७५।०७६ को हालसम्म भएको विपद्का घटनाहरुको विवरण भएको विपद्का घटनाहरुको विवरण:**

**आ.ब.०७२/०७३ विपद बाट भएको क्षतिको विवरण :-**

| सि.न. | दैबी-प्रकोपको प्रकृति | मानिस | | चौपाय | | अन्य क्षेती | | | जम्मा क्षेती | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाईते | मृत्यु | घाईते | घर | गोठ | अन्य | - | |
| १ | चट्याङ | | ४ | | | | | ५ | ० | |
| २ | आगोलागी | - | २ | २४ कुखुरा,२ खरायो,१ हाँस | २ | २५ | ११ | ११ | १४१८८०००।- | |
| ३ | बाढी पहिरो | - | २ | १ पाडो,११ वंगुर,१५,००० माछाका भुरा | ३ | ४५ | ५ | २७ | ३१२१३१०००।- | |
| ४ | करेण्ट | | ३ | | | | | | ० | |
| ५ | हावाहुरी | | | ११९ कुखुराका चल्ला | - | १ | | ९ | ८०००००।- | |
| जम्मा | | | ११ | | ५ | ७१ | १६ | ५२ | ३२७११९०००।- | |

आ.व.२०७३/२०७४ मा विपद बाट भएको क्षतिको विवरण :-

| दैबि प्रकोपको प्रकृति | मानिस | | चौपाया | | भौतिक क्षेत्रि | | | जम्मा क्षति |
|---|---|---|---|---|---|---|---|---|
| | मृत्यु | घाईते | मृत्यु | घाईते | घर | गोठ | अन्य | |
| आगोलागी (२६) | १ | २ | १० | २ | ७ | ५ | २६ | ३०,१७,५००।- |
| चट्याङ (२१) | ३ | २० | १० | - | ७ | २ | १ | ६,३४,४००।- |
| हावाहुरी (१०) | - | - | - | - | १० | - | - | २२,१०,०००।- |
| पानीमा डुवी मृत्यु | - | - | - | - | - | - | - | - |
| करेन्ट लागी घाईते (६) | १ | २ | - | - | ३ | - | - | ५,२४,८००।- |
| जम्मा | ५ | २४ | २० | २ | २५ | ७ | २५ | ६२,८६,७००।- |

**आ.व.०७४/०७५बाट भएको क्षतिको विवरण :-**

| सि.नं. | दैबि प्रकोपको प्रकृति | मानिस | | चौपाया | | भौतिक क्षेती | | | जम्मा क्षति | जम्मा क्षतिको मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाईते | मृत्यु | घाईते | घर | गोठ | अन्य | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वाढी पहिरो (५८) | ० | १ | १० | १ | २४ | ५ | २९ | ७० | रु. १२,१२७,७७२।- |
| २ | आगोलागी (४२) | ० | ३ | १३ | २१ | २० | १७ | १० | ८४ | रू. १२,७३०,०००।- |
| ३ | करेन्ट (७) | ३ | २ | ० | ० | २ | ० | ० | ७ | ० |
| ४ | हावाहुरी (१) | ० | ० | ० | ० | १ | ० | ० | १ | रु. १,००,०००।- |
| ५ | चट्याङ (९) | ० | २ | ६ | ० | ६ | ४ | ० | १८ | रु. २,००,०००।- |
| जम्मा | | ३ | ८ | २९ | २२ | ५३ | २६ | ३४ | १७५ | रु. २५,१५७,७७२।- |

**आ.व. ०७५।०७६ को हालसम्म भएको विपद्का घटनाहरुको विवरण**

| क्र.सं | विपद्को नाम | क्षति मानिस | | क्षति चौपाय | | अन्य क्षति | | | क्षति रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | घर | गोठ | अन्य | | |
| १ | बाढीपहिरो | १ | ४ | ४ | - | ६३ | ३ | १७ | ३,२२,०१,६५०। | |
| २ | आगलागी | | १ | ४५५ | ४ | ११ | ९ | ४ | ५०,२९,५०० | |
| ३ | चट्याङ | १ | २ | १ | - | २ | - | - | | |
| ४ | करेन्ट | १ | ४ | - | - | २ | - | - | ५,२४,८००। | |
| ५ | हावाहुरी | - | - | १०१ | - | १७ | २ | ४ | २९,७८,३००। | |

जिल्लामा रहेका क्याम्पस, उच्च मा.वि. मा.वि., नि.मा.वि. मा नेपाल रेडक्रस युवा/जु.रे.स. गठन गरी प्रकोपको समयमा उद्वार राहत कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्न तालिम गोष्ठी जनचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विपद्मा उद्वार राहत कार्यको लागि सहयोगी निकायको रुपमा पर्वत स्थित नेपाल रेडक्रस सोसाइटी र सो अन्तर्गतका विभिन्न गा.पा.मा रहेका १७ उपशाखाहरु, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल चण्डिका गण, नेपाली सेना (रणदल गुल्म), विभिन्न गा.पा.मा रहेका इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरु, जिल्ला स्वास्थ्य कार्यालय र विभिन्न गा.पा.मा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरु तथा आयुर्वेद औषधालयहरु, जिल्ला शिक्षा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला भु- संरक्षण कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्लामा क्रियाशील सञ्चारकर्मीहरु, पर्वत उद्योग वाणिज्य संघ, स्थानीय समुदाय लगायतका विभिन्न सरकारी र गैरसरकारी संघसंस्थाहरु, फलेवास धुलीखेल अस्पताल, गैसस महासंघ, लोकतान्त्रिक गैसस महासंघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्सथाहरु, प्लान नेपाल, असल छिमेकी नेपाल, सुआहारा जस्ता संस्थाहरु समेत उद्वार राहतमा खट्ने गरेका छन भने सरकारी तथा गैरसरकारी क्षेत्रका सवारी साधन सहित रेडक्रस एम्बुलेन्स, अस्पताल एम्बुलेन्स, माझफाँट एम्बुलेन्स, फलेवास धुलीखेत अस्पतालमा रहेको एम्बुलेन्सहरु समेत विपद् न्यूनिकरणको क्षेत्रमा आवश्यकतानुसार परिचालन गरिएको छ ।

# परिच्छेद ३
# विपद् पूर्वतयारी तथा क्षेत्रगत अवधारणा, क्षेत्र निर्धारण र सम्पर्क

## ३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायः

जिल्लामा रहेका क्याम्पस,उच्च मा.वि.,मा.वि., नि.मा.वि. मा नेपाल रेडक्रस यूवा/जु.रे.स. गठन गरी विपद्को समयमा उद्धार राहत कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्न तालिम गोष्ठी जनचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विपद् पूर्वतयारी, उद्धार राहत र पूर्ननिर्माणको लागि दैवीप्रकोप उद्धार समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल चण्डिका गण, नेपाली सेना रणदल गुल्म, जिल्ला अनुसन्धान कार्यालय, नेपाल रेडक्रस सोसाइटी, लगायत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला भु- संरक्षण कार्यालय, सिंचाई विकास सव-डिभिजन कार्यालय, जिल्लाका क्रियाशील सञ्चारकर्मीहरु, पर्वत उद्योग वाणिज्य संघ, गै.स.स. महासंघ, लोकतान्त्रिक गै.स.स.महासंघ लगायत विभिन्न संघसंस्थाहरु, विभिन्न क्लव र आमा समूह, तथा संघसंस्था समेत विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा सहयोगी निकायको रुपमा रहेका छन् ।

## ३.२ विपद् सर्वेक्षण तथा आवश्यकता पहिचान प्रक्रिया

आपतकाल तथा विपद्को अवस्थामा प्रभावकारी रुपमा मानवीय सहयोगको योजना र स्रोत परिचालनको लागि सही र तत्कालै प्रभावित मानिसहरुको आवश्यकता सम्बन्धी सूचनाको ठुलो महत्व रहन्छ । विधिसम्मत सर्वेक्षण र विष्लेषणले आपतकाल तथा विपद्को अवस्थामा तथ्यमा आधारित निर्णय प्रकृयालाई मजबुत बनाउँदछ । सर्वेक्षण तथा आवश्यकता पहिचानका लागि नेपालमा विभिन्न किसिमका तरीका तथा प्रयासहरु थालिएका छन् । तल उल्लिखित लेखाचित्रले प्रकोपको अवस्थामा प्रभावित मानिसहरुको आवश्यकता पहिचान र सर्वेक्षण गर्नका लागि अपनाइने प्रक्रिया तथा प्रचलनका बारेमा वर्णन गर्दछ जसले विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

विपद् पर्नासाथ खोज तथा उद्धार क्षेत्र अन्तर्गतका निकायहरु मुख्य गरी जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल र जिल्ला अनुसन्धान कार्यालयको टोली क्षती सम्बन्धी जानकारीको लागि तत्काल खटिनेछ । त्यसै गरी नेपाल रेडक्रस सोसाइटी पर्वतले प्रकोप प्रभावितहरुको विवरण र अवस्था सम्बन्धमा आफ्नो उपशाखाहरुलाई परिचालन गरी प्रभावित क्षेत्र तथा प्रभावित घर परिवारको विवरण तयार पार्नेछ । प्रारम्भिक सर्वेक्षणको लागि रेडक्रसले प्रयोग गर्दै आएको आफ्नो लेखाजोखा औजारको प्रयोग गेर्नेछ । लेखाजोखाबाट ल्याइएको सूचनाको विश्लेषण पनि रेडक्रस स्वयंमले गर्नेछ र सोको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्नेछ । सोही आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले सहयोगको लागि संघ-संस्थाहरुलाई आह्वान गर्नेछ । जिल्ला विपद् व्यवस्थापन समितिले आह्वान गरे बमोजिम सम्बन्धित क्षेत्रहरुले आ-आफ्नो क्षेत्रको बैठक बोलाई योजनामा उल्लेख भए बमोजिम सहयोगको लागि सम्बन्धित संघ संस्थाहरुलाई आह्वान गर्नेछ र तत्काल आवश्यक पर्ने सहयोगको व्यवस्था गर्नेछन् । एकद्वारप्रणाली अन्तर्गत रही जिल्ला विपद् व्यवस्थापन समितिको संयोजकत्वमा मानवीय सहयोगहरुको प्राप्ति र वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रभावित क्षेत्र र समुदायको प्रारम्भिक सर्वेक्षण गरी क्षेत्रगत संघसंस्थाहरुबाट थप सहयोग र अवस्था विश्लेषणको लागि योजनामा व्यवस्था भए अनुसारका टोलीहरुको निर्माण गरिनेछ । यसरी गठन भएका विभिन्न क्षेत्रगत टोलीहरु, सरोकारवालाहरुको सहभागिता रहने गरी एउटा विशेष Quick ResponseTeam गठन गरी परिचालन गर्ने व्यवस्था गरिने छ भने विपद्को समयमा जिल्ला दैविप्रकोप उद्धार समितिले आवश्यक समन्वय गरी विपद्सँग सम्बन्धित सम्पूर्ण क्षेत्रगत सदस्यहरु परिचालन गर्न सक्नेछ । विभिन्न क्षेत्रहरुले आ-आफ्नो क्षेत्रको क्षेत्रगत सर्वेक्षण पनि क्षेत्र अगुवाहरुको आ-आफ्नो संस्थामा व्यवस्था भएअनुसारको सर्वेक्षण संयन्त्र अनुसार गर्नेछन् । क्षेत्रगत सर्वेक्षणको विश्लेषण पनि सम्बन्धित क्षेत्र अगुवाइ गर्ने संस्थाले नै गर्नेछ र सो को प्रतिवेदन आ-आफ्नो सदस्यहरुलाई उपलब्ध गराउनेछ । क्षेत्रगत प्रतिवेदनलाई जिल्ला दैविप्रकोप उद्धार समितिमा अनुमोदनको लागि पेश गरिनेछ ।

जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन भइसकेपछि क्षेत्रगत आवश्यकताको परिपूर्तिकोलागि केन्द्रीय दैवीप्रकोप उद्धार समिति र अन्य सरोकारवाला निकायहरुलाई मानवीय सहयोगको लागि आह्वान गरिनेछ । यसको लागि जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालयले समन्वय गर्नेछ ।

## ३.३ क्षेत्र पहिचान

### ३.३.१ विषयगत क्षेत्रको अवधारणा

यहाँ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारीताका लागि राष्ट्रियस्तरमा विकास भएका विषयगत क्षेत्र (Cluster) को अवधारणालाई आधार मानेर क्षेत्र निर्धारण तथा क्षेत्र अनुसार कार्य विभाजन गरिएको छ । योजना तर्जुमा मार्गदर्शनलाई समेत आधार मानेर विषयगत क्षेत्रको पहिचान र नेतृत्व निर्धारण गरिएको छ ।

### ३.३.२ विषयगत क्षेत्रको परिचय :

विपद्बाट प्रभावित तथा पीडित मानिसलाई सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने मानवीय सहयोगलाई विशेषज्ञता तथा अनुभवका आधारमा परिचालन गरी प्रतिकार्यलाई प्रभावकारी र जवाफदेही बनाउन विषयगत क्षेत्रले काम गर्छन् । विषयगत क्षेत्रको अवधारणालाई 'विपद्बाट प्रभावित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग, विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउदा बढी प्रभावकारी हुने भएकोले सोही अनुसार कार्यविभाजन गर्ने प्रयास गरिएको छ । क्षेत्रका विशेषता निम्नबमोजिम रहेका छन् :

- प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारयुक्त, उत्तरदायी र जवाफदेही बनाउ सहयोग गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- जिम्मेवारी बाँडफाँड भई उद्धार कार्यमा प्रभावकारीता ल्याउन सकिने हुन्छ ।
- प्रतिकार्यमा विगतवाट अनुभव हासिल गर्दै भावी दिनमा थप प्रभावकारीता ल्याउन र विगतका उद्धार तथा प्रतिकार्यको समीक्षा गर्दै आवश्यकताअनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्न सघाउ पुर्‍याउँछ ।

### ३.३.३ उद्देश्य

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नबमोजिम रहेका छन् :

- क्षेत्रगत रूपमा मानवीय सहयोग तथा उद्धार कार्यलाई प्रभावकारी बनाउनु,
- आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
- क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गरी समस्यको लेखाजोखा गर्दै समाधानका उपाय पत्ता लगाउनु,
- उद्धार कार्य प्रभावकारी र शीघ्र रुपमा सञ्चालन गर्ने,
- पूर्व तयारी कार्य व्यवस्थित र व्यवहारिक बनाई विपद्वाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने,

### ३.३.४ क्षेत्रगत अवधारणाको आवश्यकता तथा महत्व

- प्रतिकार्यका लागि विशेषज्ञता प्राप्त निकाय वा संस्थाको नेतृत्वमा कार्य विभाजन हुने भएकोले प्रत्येक क्षेत्रबाट उपलब्ध हुने आधारभूत आवश्यकताको वितरण प्रभावकारी भई सबैवर्गका प्रभावित समुदायको पहुँच कायम रहन्छ ।
| 4. | प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | गा.पा., नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| 5. | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्कालीन बासको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| 6. | पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्काल बसाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| 7. | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने र समन्वय | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | २ दिनभित्र |

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| | गर्ने, | | | |
| 8. | सम्भावित वजार र उपलब्ध सामान तत्काल उपलब्ध हुने अवस्था निश्चित गर्ने, | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | २ दिनभित्र |
| 9. | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने | क्षेत्र प्रमुख | समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र, जि.वि.व्य.स. | ७ दिनभित्र |
| 10. | मीराको प्रतिवेदनका आधारमा अस्थायी शिविर स्थापना गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो तथा क्षेत्र सदस्य | ९ दिनभित्र |
| 11. | विस्थापितको प्रत्यक्ष सहभागितामा शिविर स्थापना गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गैसस | १० दिनभित्र |
| 12. | आवास व्यवस्थापनको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., दातृ निकाय, नेरेसो | शिविर स्थापना भएदेखि |
| 13. | शिविर व्यवस्थापन समिति गठन गरी काम गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., स्वयंसेवक नेरेसो | शिविर स्थापना भएपछि |
| 14. | प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | हप्ताको एक दिन |

## पूर्वतयारी कार्ययोजना

बाढी र पहिरोबाट उत्पन्न हुने आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन आवास तथा गैरखाद्य क्षेत्रले निम्नअनुसार पूर्वतयारीका कार्य गर्नु पर्छ :

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने :<br>● स्रोत र साधनको नक्साङ्कन गर्ने<br>● जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने,<br>● प्रभावित हुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सबै सदस्य | जेठको पहिलो साता |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गा.पा., गैसस, | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोवासको लागि अन्य गा.पा.का सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसा | जेठको पहिलो साता |
| ६ | आवासको लागि आवश्यक सामाग्री उपलब्ध हुने बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकताअनुसार सम्झौता गर्ने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसो, गैसस | जेठ मसान्तभित्र |
| ७ | सङ्कटासन्न गा.पा. र अन्य सुरक्षित गा.पा.का सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जि.वि.व्य.स., गैसस, गा.पा. | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसो, गैसस | जेठ दोस्रो साता |
| ९ | सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस | जोठ मसान्त |
| १० | गोदामघरको नियमित अनुगमन गरी जि.वि.व्य.स.लाई नियमित प्रतिवेदन दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र कार्यदल | नियमित रूपमा |
| ११ | शिविर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेठ मसान्त |

## ३. खाद्य तथा कृषि क्षेत्र

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण साधन खाद्यान्न हो । खाद्य क्षेत्रले विपद् प्रभावित तथा पीडित व्यक्तिलाई न्यूनतम मापदण्डअनुसारको खाद्यान्न उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र खाद्यान्नमा सीमान्तीकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

### क्षेत्रगत उद्देश्य

खाद्य क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट विस्थापित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने खाद्यसामग्री उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य निम्नअनुसार रहेका छन् :

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, बूढाबूढी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।

### जिल्लामा उपलब्ध क्षेत्रगत स्रोत तथा क्षमता सम्बन्धी माग विवरण

खाद्यान्न र लत्ता कपडा लगायतका सामाग्री आवश्यक पर्ने भएकोले अत्यावश्यक बस्तुको उपलब्धतासंगै सो को पिडितहरु सम्म पुऱ्याउने ढुवानीका साधन र स्व्यंसेवक लगायत जनशक्ति परिचालन गर्न आवश्यक हुन्छ ।

### पूर्वतयारी तथा प्रतिकार्य योजना

बाढी आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा पीडित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि खाद्य क्षेत्रले निम्नअनुसार काम गर्नेछ :

| क्र.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | क्षेत्र प्रमुख | खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | बाढी आउनासाथ तुरुन्तै, |
| २ | बाढी प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र | बाढी आएको थाहा पाउनासाथ |
| ३ | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र प्रारम्भिक द्रूत लेखाजोखा गर्ने | तोकिएको सदस्य | कृषि ज्ञान केन्द्र, नेरेसो र क्षेत्रका सदस्यहरू | २४ घण्टाभित्र |
| ४ | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | कृषि ज्ञान केन्द, उवासंघ नेरेसो र क्षेत्रगता सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टाभित्र |
| ५ | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने | खाद्य वितरण कार्यदल | जि.वि.व्य.स., कृषि ज्ञान केन्द, नेरेसो र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टादेखि |
| ६ | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (मीरा-MIRA) को प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख तथा तोकिएको क्षेत्रको सदस्य | जि.वि.व्य.स., अन्य क्षेत्र, दातृ निकाय र गैसस | ३ देखि ७ दिनभित्र |
| ७ | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., सुरक्षा निकाय, | ७ दिनभित्र |
| ८ | खाद्यान्न वितरणसम्बन्धी सूचना प्रवाह गर्ने | खाद्य क्षेत्र | विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स. | ९ दिनभित्र |
| ९ | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | क्षेत्र प्रमुख, खाद्यान्न वितरण कार्यदल | जि.वि.व्य.स. | नियमित रूपमा |

| क.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १० | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, बूढाबूढीलाई पोषणयुक्त खाना वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, जि.वि.व्य.स., | आवश्यकताअनुसार नियमित रूपमा |
| ११ | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने | खाद्यान्न वितरण कार्यदल | नागरिक समाजका विभिन्न संस्था | नियमित रूपमा |
| १२ | खाद्यान्न वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, बन्दोवस्ती क्षेत्र, | नियमित रूपमा |
| १३ | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य | प्रत्येक हप्ता |

## पूर्वतयारी कार्ययोजना

खाद्य क्षेत्रले वाढी पहिरोवाट सिर्जना भएको आपत्कालीन अवस्थामा मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | कृषि ज्ञान केन्द | क्षेत्रका सदस्य | जेठ पहिलो साताभित्र |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| ३ | बहुक्षेत्र द्रूत लेखाजोखाको लागि व्यक्ति तोक्ने र तालिममा सहभागी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जि.वि.व्य.स., गैसस | |
| ४ | तयारी खाद्यान्नको भण्डारण तथा आपत्कालीन आपूर्तिको व्यवस्था मिलाउने | कृषि ज्ञान केन्द खाद्य क्षेत्र | | असार ... गतेसम्म |
| ५ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने | खाद्यक्षेत्र का सदस्य | नेरेसो, जि.वि.व्य.स., जिकृविका, | असार ... गतेसम्म |
| ६ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग समन्वय गरी परीक्षण गर्ने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय, नेरेसो | |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | स्वास्थ्य तथा पोषण क्षेत्र, जि.वि.व्य.स., गैसस | |
| ८ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख, तोकिएको सदस्य | कृषि ज्ञान केन्द, विखाका, गैसस | असार मसान्तसम्म |
| ९ | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | - | |

## ४. गैर खाद्य सामग्री क्षेत्र

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन अवस्थामा दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ। आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ।

## क्षेत्रगत उद्देश्य

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने गरी अस्थायी आवासको व्यवस्थापन गरी उसको लागि आवश्यक न्यूनतम गैरखाद्य सामाग्री उपलब्ध गराइ उपभोग गर्न र सुरक्षित महशुस गर्न पाउने वातारण तयार गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ। यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन् :

- सुरक्षित त था आधारभूत अस्थायी आवास स्थल उपलब्ध भएपश्चात सामाजिक रुपमा स्वीकार्य न्यूनतम भौतिक एवं सामाजिक आवश्यकता अनुसारको गैरखाद्य सामाग्रीमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,

- विपद्का कारणले घरवारविहीन बनेका मानिसका साथै विस्थापितलाई मानवअधिकारको संरक्षण हुने गरी न्यूनतम सेवा सुविधा उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

## आपत्कालीन प्रतिकार्य योजना

जिल्लामा बाढीजन्य विपद् परेमा विस्थापित व्यक्ति तथा समुदायलाई विनाभेदभाव न्यूनतम मापदण्ड पूरा गर्दै गैरखाद्य क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ :

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १. | गैरखाद्य क्षेत्रको आपत्कालीन बैठक आयोजना गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, क्षेत्रका सदस्य | बाढी आउनासाथ |
| २. | विस्थापितको सङ्ख्या र जानकारी लिने, आवश्यक गैरखाद्य सामाग्रीको आंकलन गरी जुटाउन आवश्यक समन्वय गर्ने, | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, | बाढी आएपछि तुरुन्तै, |
| ३. | कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | बाढी आएको ४ घण्टाभित्र |
| ४. | प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | गा.पा., नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| ५. | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्काल न्यूनतम आवश्यक सामानको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| ६. | तत्काल लगाउने लुगाफाटो तथा अन्य गैरखाद्य सामग्री वितरण गर्ने (*महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने*) | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, नागरिक समाजका संस्थाहरू | २४ घण्टाभित्र |
| ७. | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | २ दिनभित्र |
| ८. | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने | क्षेत्र प्रमुख | समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र, जि.वि.व्य.स. | ७ दिनभित्र |
| ९. | आवश्यकताअनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गा.पा. स्वयंसेवक | शिविर स्थापना भएपछि |
| १०. | गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गा.पा., दातृ निकाय, नेरेसो | शिविर स्थापना भएदेखि |
| ११. | सो अनुसार गैरखाद्य सामाग्रीको भण्डार अनुगमन गरी दुरुस्त गराउने, | क्षेत्र प्रमुख | जि.वि.व्य.स., स्वयंसेवक नेरेसो | शिविर स्थापना भएपछि |
| १२. | प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | हप्ताको एक दिन |

## पूर्वतयारी कार्ययोजना

बाढी र पहिरोबाट उत्पन्न हुने आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन आवास तथा गैरखाद्य क्षेत्रले निम्नअनुसार पूर्वतयारीका कार्य गर्नु पर्छ :

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने :<br>• स्रोत र साधनको नक्साङ्कन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सबै सदस्य | जेठको पहिलो साता |

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| | ● जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने,<br>● प्रभावित हुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने । | | | |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गा.पा., गैसस, | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी उपलब्ध हुनसक्ने साधन र स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोवासको लागि अन्य गा.पा.का सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसा | जेठको पहिलो साता |
| ६ | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकताअनुसार सम्झौता गर्ने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसो, गैसस | जेठ मसान्तभित्र |
| ७ | सङ्कटासन्न गा.पा. र अन्य सुरक्षित गा.पा.का सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जि.वि.व्य.स., गैसस, गा.पा. | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., गा.पा., नेरेसो, गैसस | जेठ दोस्रो साता |
| ९ | सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस | जोठ मसान्त |
| १० | गोदामघरको नियमित अनुगमन गरी जि.वि.व्य.स.लाई नियमित प्रतिवेदन दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र कार्यदल | नियमित रूपमा |
| ११ | गैर खाद्यान्न व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेठ मसान्त |
| १२ | गैरखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रूपमा प्रतिवेदन तयार गरी जि.वि.व्य.स. तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल | शिविर सञ्चालन भएमा नियमित |

## ५. खानेपानी र सरसफाइ (Water, Sanitation and Hiygne Promotion Cluster- WASH Cluster)

### क्षेत्रगत उद्देश्य :

विपद् प्रभावित तथा विस्थापित समुदायलाई पानी तथा कीटपतङ्गका माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

### पूर्वतयारी तथा प्रतिकार्य योजना

खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रको लागि निम्नअनुसार कार्ययोजना तय गरिएको छ :

| क्र.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | वास क्षेत्र एजेन्सी जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी हुने र कार्यक्षेत्रमा सक्रिय हुने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | क्षेत्रगत सदस्य पहिचान गरी कार्य विवरण तयार गर्ने, पहिलो बैठक बस्ने<br>बैठकका विषयहरू :<br>● सहयोगी संस्था (पार्टनर) क्षमता पहिचान,<br>● कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>● सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>● विद्यमान स्रोत र मागको विश्लेषण गर्ने, | जिजस्वाका र क्षेत्र प्रमुख | | ४८ घण्टा (पहिलो बैठक) |
| ३ | क्षेत्रका प्रत्येक सदस्यले आ-आफनो निकायको माथिल्लो तहमा आवश्यकताको जानकारी गराउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | ४८ घण्टा (पहिलो बैठक) |
| ४. | स्वास्थ्य प्रवर्द्धनका साधनहरूको निमार्ण तथा मर्मत कार्य गर्ने | जिस्वाका, | जि.वि.व्य.स., गैसस | १ हप्ताभित्र |

| क.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | क्षेत्रका सदस्य | | |
| ५ | सरसफाइका सामग्री वितरण गर्ने<br>○ साबुन, हार्पिक<br>○ ब्रस<br>○ फिनेल<br>○ बाल्टी | जिस्वाका, क्षेत्रका सदस्य | जि.वि.व्य.स., गैसस | दोस्रो हप्ता |
| ६ | क्षेत्रका सदस्यहरूबीच समन्वय गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., | १ हप्ता भित्र |
| ७ | क्षेत्रका सदस्यबीच मीरा (MIRA) को बारे अभिमुखीकरण गरी सोअनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गैसस | ४ दिनभित्र |
| ८ | मीराको प्रतिवेदनको विश्लेषण र माग र आपूर्तिबीचको अवस्था विश्लेषण गरी कार्य गर्ने | क्षेत्र प्रमुख र सदस्य | | ७ दिनभित्र |
| ९ | हाइजिन कीट वितरण र सचेतना | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | ७ दिनभित्र |
| १० | खानेपानी शुद्धीकरणका समान वितरण | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | तत्काल |
| ११ | अनुगमन सुचक पहिचान गरी संयन्त्र परिचालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | नियमित |
| १२ | सर सफाइ प्रबर्द्धन कार्य गर्ने गराउने<br>● फोहरमैला व्यवस्थापन/फोहरपानी व्यवस्थापन<br>● शिविर क्षेत्रको सरसफाइ र निर्मलीकरण<br>● स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप<br>● सरसफाइ समिति गठन र अभिमुखीकरण<br>● माइकिङ्<br>● जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री वितरण गर्ने<br>● स्वयंसेवक परिचालन<br>● सञ्चार क्षेत्रको परिचालन | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | नियमित |
| १३ | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस, | दोस्रो र तेस्रो हप्ता |
| १४ | उद्योग वाणिज्य सङ्घलगायत निजी क्षेत्रसँग समन्वय गरी स्रोतको खोजी तथा सङ्कलन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., | दोस्रो हप्ता |
| १५ | अन्तिम मूल्याङ्कन गर्ने, अभिलेख तयार गर्ने र वितरण गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | पाचो हप्ताको अन्तमा |
| १६ | शिविर रहेको क्षेत्रको पूर्ण सरसफाइ र सरसफाइसम्बन्धी संरचनाको सुरक्षित विस्थापन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | शिविर उठेपछि |
| १७ | शिविर रहेका विद्यालयका शौचालयको मर्मतसम्भार गरी पूर्ववत अवस्थामा सञ्चालन गर्न सकिने बनाउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | अस्थायी बसोबास उठेपछि |
| १८ | स्वास्थ्य क्षेत्रसँग समन्वय गरी पानीजन्य सरुवा रोगको प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रबर्द्धन र सचेतना अभिवृद्धि गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य क्षेत्र | नियमित |

## पूर्वतयारी कार्ययोजना

खानेपानी, सरसफाइ तथा स्वस्थ्य प्रबर्द्धन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | वास क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने : | क्षेत्र प्रमुख | स्वाका, स्वास्थ्य क्षेत्र, प्रजिअ, | जेठको दोस्रो हप्ता |

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| | ● क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने,<br>● मस्यौदा कार्यविवरण तयार गर्ने,<br>● यस क्षेत्रमा काम गर्ने गैसस, निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छापत्र माग गर्ने । | | | |
| २ | समुदाय स्थानान्तरण भएको स्थान वा शिविर तथा प्रभावित गा.पा.मा स्वास्थ्य प्रबर्द्धनसँग सम्बन्धित खानेपानी, शौचालयजस्ता संरचना तथा सरसफाइको अवस्थाको अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने | क्षेत्र प्रमुख | | जेठ मसान्तसम्म |
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जि.वि.व्य.स.ले तोकेअनुसार |
| ५ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य कार्यकर्तालाई अभिमुखीकरण गरी परिचालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिजस्वाका, जिस्वाका, | जेठ मसान्तभित्र |
| ६ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा सञ्चारका सामग्री सङ्कलन गरेर वा आफैँले तयार गरी प्रकाशन गरी वितरण गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिजस्वाका, जिस्वाका, | रेडियोबाट जेठ २० जेठदेखि भदौसम्म |
| ७ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | जेठ मसान्त |
| ८ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका वास क्षेत्रबाट तयार भएका अनुगमन सूचकहरू, फारमहरू स्थानीय स्तरमा सुहाउने बनाई सदस्यहरूबीच अभिमुखीकरण गर्ने | युनिसेफ | जिजस्वाका, जिस्वाका, | वैशाख मसान्त |
| ९ | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रबर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिजस्वाका, जिस्वाका, | जेठ मसान्त |
| १० | आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | जिजस्वाका, जिस्वाका, | चैत मसान्तभित्र |
| ११ | जिल्ला तथा गाउँमा स्थापित नाट्य समूहहरूलाई आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख र सदस्य | जिजस्वाका, जिस्वाका, | चैत मसान्तसम्म |
| १२ | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिजस्वाका, जिस्वाका, | चैत्र मसान्तसम्म |

## ६. स्वास्थ्य तथा पोषण (Health and Nutrition ) क्षेत्र

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्यसम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

### क्षेत्रगत उद्देश्य :

आपत्कालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्यधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य निम्नअनुसार हुनेछन् :

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य रोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,

- कुपोषणबाट पीडित विस्थापित महिला, बालबालिका तथा बूढाबूढी र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

## पूर्वतयारी तथा प्रतिकार्य योजना :

बाढीजन्य विपद्को अवस्थामा जनस्वास्थ्य रक्षा र कुपोषण नियन्त्रणका लागि स्वास्थ्य तथा कुपोषण क्षेत्रले निम्न कार्य गर्नेछ :

| क्र.स. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आपत्कालीन बैठक आयोजना गरी :<br>- विपद्को अवस्थाको मूल्याङ्क गर्ने<br>- विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>- प्रतिकार्य योजना अनुरूपका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>- जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने, | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य, स्वास्थ्य कार्यकर्ता, जि.वि.व्य.स., नेरेसो, | बाढी आएको २४ घण्टाभित्र, पहलो हप्ता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| २ | बाढीबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, स्वास्थ्यकर्मी | ३ दिनभित्र |
| ३ | बहु क्षेत्रगत द्रूत लेखाजोखाको प्रतिवेदन र सूचना लिने | क्षेत्र सदस्य | समन्वय तथा सूचना क्षेत्र, | ३ देखि ७ दिन |
| ४ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (मीरा) को प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य, जि.वि.व्य.स. | |
| ५ | घाइतेको उपचारका लागि तत्काल स्वास्थ्य कार्यदल खटाउने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ६ | थप उपचारका लागि अस्पताल पठाउने व्यवस्था मिलाउने | स्वास्थ्य कार्यदल | कार्यदल | तत्कालै |
| ७ | सरुवा रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ८ | जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, स्वयंसेवक | एकहप्ता भित्रमा |
| ९ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने आमा, गर्भवती महिला र कुपोषित बालबालिकालाई पोषणयुक्त खाद्यान्नको लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, स्वयंसेवक | आवश्यकताअनुसार |
| १० | शिविरमा मलेरिया नियन्त्रणको लागि विषादि छर्किने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., जिजस्वाका | शिविर स्थापना भएपछि |
| ११ | झुल वितरण गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., गैसस | आवश्यकताअनुसार |
| १२ | शिविरमा स्वास्थ्यकेन्द्र  गर्ने र पोषण क्लिनिक स्थापना गर्ने | स्वास्थ्य कार्यदल | नेरेसो, गैसस, | शिविर स्थापना भएपछि |
| १३ | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक सेवा सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, | आवश्यकताअनुसार |
| १४ | अन्य क्षेत्र र जि.वि.व्य.स.सँग मिलेर प्रतिकार्यको अनुगमन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, | नियमित रूपमा |
| १५ | स्वास्थ्य तथा पोषणको अवस्था, भएका कार्य र आवश्यकताको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य कार्यदल, क्षेत्र सदस्यहरू | नियमित रूपमा |
| १६ | प्रतिवेदन तयार गरी जि.वि.व्य.स. र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | कार्यदल | नियमित रूपमा |

## पूर्वतयारी कार्ययोजना

बाढीजन्य विपद्को सामना गर्न आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य तथा पोषण क्षेत्र (Cluster) ले निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्यविभाजन गर्ने र आपत्कालीन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., जिस्वाका, नेरोसो, स्वास्थ्य स्वयंसेवक | वैशाख |

| | | | | |
|---|---|---|---|---|
| २ | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (मीरा-MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | वैशाख |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, गैसस, | वैशाख महिना |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी निकाय वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., नेरेसो, गैसस | जेठ पहिलो साता |
| ५ | आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin) पुग्नेगरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जि.वि.व्य.स., नेरेसो, गैसस, | जेठ |
| ६ | आपत्कालीन अवस्थाको लागि सङ्कटासन्न गा.पा.को लागि तीन थानका दरले प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जि.वि.व्य.स., नेरेसो, गैसस, | जेठ |
| ७ | हरेक सङ्कटासन्न गा.पा.मा कम्तीमा पनि ९ जनालाई पोषणसम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस | वैशाख |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र बूढाबूढीको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस | जेठ |
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको लागि बन्दोवस्ती क्षेत्रलाई आग्रह गर्ने | क्षेत्र प्रमुख | बन्दोवस्ती क्षेत्र, जिस्वाका, जि.वि.व्य.स., नेरेसो, गैसस, | जेठ |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, | वैशाख |
| ११ | झुलको बन्दोवस्त गर्ने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस | जेठ दोस्रो साता |
| १२ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने र पाठ्यसामग्री तयार गरी स्वयंसेवक परिचालन गर्ने | कार्यदल | जि.वि.व्य.स., नेरेसो, गैसस, | |
| १३ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने | कार्यदल | जिस्वाका, नेरेसो, गैसस, उवासंघ र अन्य सेवा प्रदायक संस्थाहरू | जेठको दोस्रो साता |
| १४ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | क्षेत्रका सदस्य | जेठ असान्त |

## ७. शिक्षा(Education)

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो र विपद्बाट उत्पन्न हुने आपत्कालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ। अतः जिल्ला दैवी प्रकोप उद्धार समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरिएको छ।

### क्षेत्रगत उद्देश्य

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपत्कालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ।

### पूर्वतयारी तथा प्रतिकार्य योजना

विपद्को समयमा शिक्षा क्षेत्रले निम्नअनुसार आपत्कालीन कार्य गर्ने निर्धारण गरिएको छ :

| क्र.सं. | सहयोग गतिविधि | जिम्मेवारी | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक गरी प्रभावित गा.पा.का शैक्षिक क्षेत्रको विश्लेषण र जिम्मेवारी पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | जिशिका, क्षेत्रका सदस्य | तत्काल |
| २ | शिक्षासम्बन्धी द्रुत लेखा जोखा (Initial Rapid Assessment)गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिशिका, प्याब्सन, | ३ देखि १५ दिनभित्र |
| ३ | तथ्याङ्क सङ्कलन, समायोजन विश्लेषण र प्रतिवेदन तयारी र आदान-प्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | मीराको प्रतिवेदन प्राप्त भएपछि |
| ४ | Education cluster meeting क्रियाकलाप नं. ३ को प्रतिवेदनमाथि छलफल गर्ने र निष्कर्ष निकाल्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | तत्काल |
| ५ | शैक्षिक गतिविधि सञ्चालन गर्न सुरक्षित स्थानको पहिचान गर्ने | क्षेत्र प्रमुख | जिशिका, आवास तथा | ५ दिनभित्र |

| | | | | |
|---|---|---|---|---|
| | | | गैरखाद्य क्षेत्र, | |
| ६ | ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको लागि सुरक्षित स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिशिका, आवास तथा गैरखाद्य क्षेत्र, | २ हप्ताभित्र |
| ७ | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने<br>● संरक्षण क्षेत्रमा सिफरिस गर्ने,<br>● सुरक्षित स्थानको शिक्षकलाई तालिम दिने, | क्षेत्र प्रमुख | जिशिका, आवास तथा गैरखाद्य क्षेत्र, , | निरन्तर |
| ८ | अस्थायी विद्यालय (Temporary Learning Center)निर्माण :<br>● विद्यार्थीको लागि कक्षा कोठा र अस्थायी विद्यालय बनाउने | क्षेत्र प्रमुख | जिशिका, आवास तथा गैरखाद्य क्षेत्र, , | निरन्तर |
| | ● शिक्षकलाई आपत्कालीन शिक्षासम्बन्धी अनुशिक्षण दिने<br>● विद्यार्थीहरूलाई पाठ्य पुस्तक उपलब्ध गराउने | शिक्षा कार्यदल | जिशिका | १ महिनाभित्र<br>२ महिनाभित्र |
| | ● पोसाक, शैक्षिक सामग्री कपडा-सर्ट, पेन्ट, स्कट वितरण गर्ने<br>● फर्निचरको प्रबन्ध गर्ने<br>● विद्यालय शैक्षिक सामग्री व्यवस्था गर्ने<br>● खेलकुद सामग्रीको व्यवस्थ ागर्ने | शिक्षा कार्यदल | जिशिकाआवास तथा गैरखाद्य क्षेत्र, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्र | शिविर स्थापनाको ५ दिनभित्र तथा आवश्यकताअनुसार |
| | ● खाने पानी र लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालयको व्यवस्था | | | |
| ९ | शिक्षकलाई एकपटक आवश्यक शैक्षिक सामग्री सहयोग गर्ने | शिक्षा कार्यदल | **जिशिका, सहयोगी संस्था** | आवश्यकताअनुसार |
| १० | अनुगमन मुल्याङ्कन र प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | क्षत्रका सदस्य र जिशिका | नियमित रूपमा |

## पूर्वतयारी कार्ययोजना

शिक्षा क्षेत्रले पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको लागि दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठक गरी विभिन्न क्षेत्रको विश्लेषण गर्ने आपत्कालीन शैक्षिक कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| २ | जोखिमपूर्ण क्षेत्रका विद्यालय, मदरसा, इसिडी तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | क्षेत्र प्रमुख | जिशिका, क्षेत्रका सदस्य | जेठ मसान्त |
| ३ | मीरा (MIRA) अभिमुखीकरण कार्यमा सहभागी हुने | क्षेत्र प्रमुख | जि.वि.व्य.स.<br>क्षेत्रका सदस्य | जेठ मसान्त वा जि.वि.व्य.स.ले आह्वान गरेपछि तुरुन्तै |
| ४ | अस्थायी विद्यालयको लागि त्रिपालको व्यवस्थापन | क्षेत्र प्रमुख र सदस्य | जिसिका, आवास तथा गैरखाद्य क्षेत्र | जेठ मसान्तभित्र |
| | प्रभावित विद्यार्थीको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठसम्ममा |
| ५ | स्थापित अस्थायी विद्यालयमा अस्थायी प्रशिक्षण केन्द्र (Temporary Learning Center)बनाउने | शैक्षिक कार्यदल | ● जिशिका,<br>● शिक्षा विभाग | जेठभित्र |
| ६ | करिब ७०० विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख | जिशिका | जिशिकाले पाठ्यपुस्तकको लागि शिक्षा विभागमा पत्राचार गर्ने |
| ७ | हका विद्यालय नगएका ८ देखि १४ वर्ष उमेर समूहका केटाकेटीहरूका लागि अनौपचारिक शिक्षा सञ्चालन गर्ने सामग्री तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख र सदस्य | जिशिका, शिक्षा विभाग, अ/गैसस | शिक्षा विभागसँग समन्वय गरी स्टेशनरी र पाठ्यपुस्तक मौज्दात राख्ने |
| ८ | विद्यालयर इसीडीको अवस्थाको अनुगमन गरी आपत्कालीन अवस्थामा गर्ने कार्य निर्धारण गर्ने | क्षेत्र प्रमुख | जिशिका<br>क्षेत्रका सदस्य | |
| ९ | बाढी प्रभावित विद्यालयहरूलाई विद्यालय कीटको (school kit) व्यवस्थापन गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., जिसिका, | आवश्यकताअनुसार |
| १० | जोखीममा रहेका विद्यालयहरूलाई जोखिम न्यूनीकरण | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | अनुगमनको प्रतिवेदन प्राप्त |

| क.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| | (Mitigation) सम्बन्धी कार्यक्रम सञ्चालन गर्न जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र जि.वि.व्य.स.लाई अनुरोध गर्ने | | जिसिका, क्षेत्रका सदस्य | भएपछि |
| ११ | पूर्वतयारी सम्बन्धमा विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिसिका, | जेठभित्र |
| १२ | विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई बाढीजन्य विपद्सम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख | जिसिका | नियमित कार्यक्रमअन्तर्गत राख्ने |

## ८. संरक्षण (Protection)

बाढीबाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी बूढाबूढी, महिला, फरक प्रकारको क्षमता भएका व्यक्ति, महिलाजस्ता बढी पीडित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

### क्षेत्रगत उद्देश्य

महिला तथा बालबालिकालगायत जोखिममा परेका समूहलाई  हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### पूर्वतयारी तथा प्रतिकार्य योजना

बाढीजन्य विपद्को समयमा पीडितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी निम्नअनुसार कार्य गर्नेछ :

| क.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | संरक्षण समूह समन्वय बैठक | क्षेत्र प्रमुख | मविका, जि.वि.व्य.स. | २४ घण्टाभित्र |
| २ | जिल्ला दैवी प्रकोप उद्धार समिति, खोजतलास तथा उद्धार समितिसँग समन्वय गरी संरक्षण आवश्यक पर्ने व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | ३ दिनदेखि १  हप्तासम्म |
| ३ | आवश्यक जनसङ्ख्याको संरक्षण, अभिमुखीकरण, स्वयंसेवक परिचालन, सूचना विश्लेषण | क्षेत्र प्रमुख | जि.वि.व्य.स. क्षेत्रका सदस्य, नेरेसो | ३ दिनदेखि १  हप्तासम्म |
| ४ | हराएका र विछोडिएका परिवारको खोजी र पविरिक पुनर्मिलन गराउने | क्षेत्र प्रमुख र सदस्यहरू | जि.वि.व्य.स. सुरक्षा निकाय, क्षेत्र सदस्य, मविका, नेरेसो, | खोजि कार्य १५ दिन र पुनर्मिलन निरन्तर |
| ५ | मानसिक रूपमा कमजोर देखिएका प्रभावित तथा पीडितलाई मनोसामाजिक सहयोग दिने | क्षेत्र प्रमुख र सदस्यहरू | मविका, | एक हप्ताभित्र सुरु गरी निरन्तरता दिने |
| ६ | गर्भवती सुत्केरी महिलाहरूका लागि सुरक्षित स्थानको प्रबन्ध तथा उनीहरूको स्याहार तथा सरसफाइ र पोषणको व्यवस्थापन । | क्षेत्र प्रमुख | जिजस्वाका, जिस्वाका, खाद्य, स्वास्थ्यय क्षेत्र र क्षेत्र सदस्य | १ महिना |
| ७ | ● घाइते बालबालिका तथा विशेष आवश्यकता भएका समूहका लागि स्वास्थ्य सहयोग गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने<br>● उपचार शिविर स्थापनाको लागि समन्वय गर्ने<br>● ३ वर्षसम्मका बालबालिकाको लागि सुरक्षित स्थान तयार गर्ने | | जिस्वाका, स्थानीय स्वास्थ्य चौकी, | १५ दिनभित्र |
| ८ | ● भेदभाव, दुर्व्यवहार, हिंसा र शोषणका घटना अनुगमन पहिचान, अभिलेखीकरण तथा सहयोग गरी निगरानी समूह गठन गर्ने,<br>● समस्यामा परेकालाई कानुनी सहयोग तथा परामर्श सेवा दिने<br>● प्रभावित व्यक्तिहरूलाई अधिकार र कर्तव्यबारे सचेतना दिने,<br>● सहयोगी निकाय तथा सुरक्षाकर्मीलाई आचार | क्षेत्र र सदस्य | जि.वि.व्य.स.,  नेरेसो, कानुन व्यवसायी, प्रहरी, महिला प्रहरी सेल, सामुदायिक | |

| क.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| | संहिताबारे सचेतना गराउने,<br>● गर्भवती र सुत्केरीलाई कपडा वितरण गर्ने | | | |
| ९ | प्रतिवेदन तयार गरी अन्य क्षेत्रसँग सिकाइ आदानप्रदान गर्ने | क्षेत्र म्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

**पूर्वतयारी कार्ययोजना**

यस क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि विपद्पूर्व निम्न तयारी गर्नेछ :

| क.सं | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधि गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., मविका र क्षेत्रका सदस्य | जेठ १५ भित्र |
| २ | लेखाजोखा तथा जिम्मेवारी बाँडफाँड र संरक्षणसम्बन्धी आधाररेखा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गा.पा.हरू | जेठ मसान्तभित्र |
| ३ | मनोसामाजिक कार्यकर्ताहरूको रेकर्ड तथा सूचनाहरू अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स. | जेठ मसान्त |
| ४ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | क्षेत्रको तोकिएको सदस्य | मविका, | जेठ मसान्त |
| ५ | पीडितको लागि तयार भएका सुरक्षित आवासको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख र सदस्य | मविका | जेठ मसान्त |
| ६ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने<br>क) कार्यक्रम सञ्चालन गर्ने संस्था पहिचान र रोस्टर तयार गर्ने<br>ख) सहयोगी कार्यकर्ताहरूलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | मविका | जेठ मसान्तभित्र |
| ७ | स्थानीय भाषामा आचारसंहिता मुद्रण गर्ने र क्षेत्रका सदस्यलाई जानकारी दिने | क्षेत्र प्रमुख | मविका, क्षेत्रका सदस्य | जोठ मसान्तभित्र |
| ८ | गत वर्ष प्रयोग गरिएका विभिन्न सूचना सामग्री अध्यावधिक गरी परिमार्जनका लागि युनिसेफसँग समन्वय गर्ने । | क्षेत्र प्रमुख | मविका | जेठ मसान्तभित्र |
| ९ | सरोकारवाला एवं सुरक्षाकर्मीहरूलाई आचार संहिता सहित संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | जिदैप्रउ, गैसस | बाढीपछि कार्य प्रारम्भ गर्नासाथ |
| १० | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्र प्रमुख | मविका, सुरक्षा निकाय र क्षेत्रका सदस्य | बाढी आएर शिविर सञ्चालन हुन थालेपछि |
| ११ | मनोसामाजिक सेवा संयन्त्र स्थापनामा समन्वय, पुनःस्थापना केन्द्र, कानुनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्वतयारी गर्ने | क्षेत्र प्रमुख | मविका, क्षेत्रका सदस्य, , जिस्वाका | जेठ मसान्तभित्र |
| १२ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरू ( राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी, सेना लगायत) लाई तालिम दिने | क्षेत्र प्रमुख | | जेठ मसान्तभित्र |
| १३ | फरक क्षमता भएका व्यक्तिहरूलाई सुरक्षासम्बन्धी पूर्व जानकारी एवं अभिमुखीकरण गर्ने | क्षेत्र | मविका, आपाङ्गता समन्वय समिति, गैसस | नियमित रूपमा |
| १४ | ज्येष्ठ नागरिक तथा जोखिममा पर्न सक्ने समूहलाई विपद् र आपत्कालीन मानवीय सहयोगबारे पूर्व जानकारी दिने | | मविका, अपाङ्गता समन्वय समिति | वैशाख महिना |

## ९. आपतकालीन भौतिक पूर्वाधार निर्माण क्षेत्र

### क्षेत्रगत उद्देश्य :

विपद् प्रभावित तथा विस्थापित समुदायलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्न आवश्यक भौतिक पूर्वाधार चुस्त बनाई विस्तापितलाई पूर्ववत अवस्थामा ल्याउन आवश्यक भौतिक वातावरण तयार गर्नुयस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

**प्रतिकार्य योजना**

खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रको लागि निम्नअनुसार कार्ययोजना तय गरिएको छ :

| क.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी हुने र कार्यक्षेत्रमा सक्रिय हुने । | क्षेत्र प्रमुख | जि.वि.व्य.स., क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | क्षेत्रगत सदस्य पहिचान गरी कार्य विवरण तयार गर्ने, पहिलो बैठक बस्ने<br>बैठकका विषयहरू :<br>● सहयोगी संस्था (पार्टनर) क्षमता पहिचान,<br>● कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>● सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>● विद्यमान स्रोत र मागको विश्लेषण गर्ने,<br>● स्रोत जुटाउने र कार्यान्वयन गर्ने | जिजस्वाका र क्षेत्र प्रमुख | | ४८ घण्टा (पहिलो बैठक) |
| ३ | क्षेत्रका प्रत्येक सदस्यले आ-आफनो निकायको माथिल्लो तहमा आवश्यकताको जानकारी गराउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | ४८ घण्टा (पहिलो बैठक) |
| ४ | सडक, विजुली, पानी, शिक्षा, स्वास्थ्य, आवास लगायतका सम्पूर्ण पूर्वाधार निमार्ण तथा मर्मत कार्य तत्काल गराउर्ने | जिस्वाका, क्षेत्रका सदस्य | जि.वि.व्य.स., गैसस | १ हप्ताभित्र |
| ५ | क्षेत्रका सदस्यहरूबीच समन्वय गर्ने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., | १ हप्ता भित्र |
| ६ | क्षेत्रका सदस्यबीच मीरा (MIRA) को बारे अभिमुखीकरण गरी सोअनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जि.वि.व्य.स., गैसस | ४ दिनभित्र |
| ७ | मीराको प्रतिवेदनको विश्लेषण र माग र आपूर्तिबीचको अवस्था विश्लेषण गरी कार्य गर्ने | क्षेत्र प्रमुख र सदस्य | | ७ दिनभित्र |
| ८ | पूर्वाधार निर्माण सम्बन्धी सचेतना फैलाउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | नियमित |
| ९ | आवश्यक भौतिक अवस्था संरक्षणको कार्य गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | तत्काल |
| १० | अनुगमन सुचक पहिचान गरी संयन्त्र परिचालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | नियमित |
| ११ | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस, | दोस्रो र तेस्रो हप्ता |
| १२ | विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय गरी स्रोतको खोजी तथा सङ्कलन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., | दोस्रो हप्ता |
| १३ | अन्तिम मूल्याङ्कन गर्ने, अभिलेख तयार गर्ने र वितरण गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | पाचो हप्ताको अन्तमा |
| १४ | शिविर रहेको क्षेत्रको विद्युत, सञ्चार, खानेपानी, सडक लगायतका पूर्वाधार निर्मा गर्ने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | शिविर उठेपछि |
| १५ | शिविर रहेका विद्यालयका शौचालय तथा अन्य पूर्वाधार मर्मत सम्भार गरी पूर्ववत अवस्थामा सञ्चालन गर्न सकिने बनाउने | क्षेत्र प्रमुख र सदस्य | जि.वि.व्य.स., गैसस | अस्थायी बसोबास उठेपछि |

## पूर्वतयारी कार्ययोजना

खानेपानी, सरसफाइ तथा स्वस्थ्य प्रबर्द्धन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | विभिन्न पूर्वाधारको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने :<br>● क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने, | क्षेत्र प्रमुख | प्रजिअ, जि.वि.व्य.स. | जेठको दोस्रो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| | • मस्यौदा कार्यविवरण तयार गर्ने,<br>• यस क्षेत्रमा काम गर्ने गैसस, निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छापत्र माग गर्ने । | | | |
| २ | समुदाय स्थानान्तरण भएको स्थान वा शिविर तथा प्रभावित गा.पा.मा पूर्वाधारसंग सम्बन्धित खानेपानी, शौचालय, विद्युत जस्ता संरचना तथा सडकको अवस्थाको अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सामान र कोष मौज्दात विवरण सङ्कलन गर्ने | क्षेत्र प्रमुख | | जेठ मसान्तसम्म |
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जि.वि.व्य.स.ले तोकेअनुसार |
| ५ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा सञ्चारका सामग्री सङ्कलन गरेर वा आफैँले तयार गरी प्रकाशन गरी वितरण गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | | रेडियोबाट जेठ २० जेठदेखि भदौसम्म |
| ६ | खानेपानी, सरसफाइ, सिंचाई, सडक, विद्यालय लगायतका संरचनाहरूको निर्माण सम्वन्धी प्राविधिक जनशक्तिवारे सूची र सम्पर्क तयार गर्ने साथै संरचनाहरु निर्माण सम्वन्धी तालिम प्राप्त प्राविधिक जनशक्ति तयारी अवस्थामा राख्ने र सो सम्वन्धमा अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | जेठ मसान्त |
| ७ | निरन्तर सम्पर्क, समन्वय र जि.वि.व्य.स.लाई नियमित रिर्पोटिङ्ग गर्ने, | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | |
| ८ | कुनै पनि अवस्थामा तत्काल यातायात सूचारु हुने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | |
| ९ | नियमित वैठक वसी कार्ययोजना पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | | |

## ४.४.२ पहिरो

| **मुख्य कृयाकलाप** | **कहाँ/कति गर्ने** | **मुल्याङ्कन का सूचक** | **संस्थागत जिम्मेवारी र दायित्व** | | **समय** | **आसातित उपलब्धि** |
|---|---|---|---|---|---|---|
| | | | **मुख्य जिम्मेवार** | **सहयोगी संस्था** | | |
| **प्रकोपपूर्व अपनाईने उपायहरु** | | | | | | |
| बाढी र सोको कारण आउन सक्ने पहिरोको पूर्वानुमान र पूर्वसूचना प्राणालीको स्थापना र सवलीकरण । | सम्भावित स्थान, गा.पा. | | जि.वि.व्य.स. | सञ्चार समन्व्य क्षेत्र | | |
| राहत सहयोग निकाय तथा स्वंसेवकहरुको फोन डाइरेक्टरी निर्माण तथा वितरण गर्ने । | जिल्लामा प्रकोपको क्षेत्रमा काम गर्ने निकाय व्यक्ति | | नेपाल रेडक्रस | पत्रकार | | |

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन का सूचक | संस्थागत जिम्मेवारी र दायित्व | | समय | आसातित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | | |
| प्रभावित गा.पा.सम्म जाने सबै बाटाहरु तथा पुलपुलेसाहरुको निरीक्षण मर्मत सम्भार गर्ने ताकी बाढीको बेलामा पनि यातायात सुचारु रहोस | प्रभावित क्षेत्रहरु/ गा.पा.हरु | | जि.स.स., गा.वि.स सडक डिभिजन | सडक डि.का.वा. | | |
| बाढी प्रभावित हुन सक्ने क्षेत्रमा जनमानसको सुरक्षाकोलागि विद्युतीय तारहरुको निरीक्षण र मर्मतसम्भार गर्ने । | प्रभावित क्षेत्रहरु/ गा.पा.हरु | | नेपाल विद्युत प्राधिकरण | समुदाय | | |
| बाढि रोक्ने सबै तट्बन्धनहरुको नीरिक्षण र मर्मत सम्भार गर्ने । | सम्भावित क्षेत्रहरु | | जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय | जिल्ला भु-संरक्षण कार्यालय | | |
| **पहिरोको समयमा अपनाइने उपायहरु** | | | | | | |
| उद्वार गरिएको ठाउँहरुमा छाडिएका सम्पत्तिहरुको सुरक्षाको लागि व्यवस्था गरीएको छ भन्ने कुरा निश्चित गर्ने र रातीको बेला सामाग्रीहरुको सुरक्षाको लागि स्थानीय समुदायका सदस्यहरुलाई परिचालन गर्ने। | प्रभावित क्षेत्र | | सुरक्षा निकाय | समुदाय स्थानीय निकाय, | | |
| एउटा परिवारका सबै सदस्यहरु सुरक्षित एउटै थलोमा राखिएका छन् भन्ने कुरामा सुनिश्चिता ल्याउने । | प्रभावित क्षेत्र | | नेपाल रेडक्रस सोसाइटी | स्थानीय विव्यस | | |
| मृतकहरुको पहिचान र सूचना प्रवाह तत्काल गर्ने र परिवारका सदस्यहरुलाई हस्तान्तरण गर्ने । यदि शव बुझ्ने कोही नभएको खण्डमा कानुनी प्रक्रिया पुरागरी धर्म र संस्कृति अनुसार सोही स्थानमा नै तत्काल दाहसंस्कार गर्ने । | प्रभावित क्षेत्र | | नेपाल प्रहरी | स्थानीय गा.पा., | | |
| स्थायी आवास स्थलमा सबै उद्वार गरिएका व्यक्तिहरुको लागि पकाएको र अन्य तयारी खान, पिउने पानी छ छैन सुनिश्चित गर्ने । | प्रभावित क्षेत्र | | जिल्ला स्वास्थ्य कार्यालय | नेपाल रेडक्रस सोसाइटी | | |
| दुषित पानीलाई शुद्धिकरण रसायन प्रयोग गरी पिउनयोग्य बनाउने तरिकाहरुको बारेमा प्रभावित समुदायभित्र व्यापक प्रचार प्रसार गर्ने | प्रभावित क्षेत्र | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | गैसस | | |
| सञ्जालका सदस्य संस्थाका कर्मचारी, पदाधिकारीहरु, स्वयंसेवक तथा स्थानीय नेता, शिक्षक विद्यार्थीलाई उद्वार तथा राहत सामाग्रीहरुको वितरणमा व्यापक परिचालन गर्ने | प्रभावित क्षेत्र | | नेपाल रेडक्रस सोसाइटी | संजालका सदस्य संस्थाहरु | | |
| स्थानीयस्तर, ईलाका तथा जिल्ला अस्पतालमा कुनै जटिल प्रकारको बिरामी परेमा त्यस बेलामा बिस्तराहरु उपलब्ध छ छैन सुनिश्चित गर्ने | प्रभावित क्षेत्र | | जिस्वाका, अञ्चल अस्पताल । | गैसस | | |
| मानव शव तथा मरेका जनावरहरु हटाएर रोगको महामारी फैलिनबाट रोक्ने । | प्रभावित क्षेत्रबाट सुरक्षित ठाँउ | | जिल्ला जनस्वास्थ्य कार्यालय | जि.स.स., गा.पा., गै.स.स.हरु, क्लव, सुरक्षाकर्मि | | |

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन का सूचक | संस्थागत जिम्मेवारी र दायित्व | | समय | आसातित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | | |
| घरपालुवा जनावरहरुमा रोगको महामारी फैलिन नदीनका लागि पशु स्वास्थकर्मीहरुको कार्य समुह बनाउने | प्रभावित क्षेत्र | | जिल्ला पशुसेवा कार्यालय | स्थानीय सरकारी निकाय सो क्षेत्रमा कार्यरत गै.स.स. | | |
| **बाढीपश्चात अपनाईने उपायहरु** | | | | | | |
| वाढीको असर कम भएपश्चात प्रभावितहरु पूर्ववत ठाउँमा फर्किसकेपश्चात पनि स्वास्थ्य प्राविधिकहरुद्धारा बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्नुपर्नेछ र प्रकोपपश्चात हुनसक्ने महामारीको निरन्तर अनुगमन र सूचना संकलन गर्नुपर्ने । | प्रभावित क्षेत्र | | जिल्ला जनस्वास्थ्य कार्यालय | स्थानीय निकाय र गैससहरु | | |
| कृषकहरुलाई आफ्नो जीविका पुन सञ्चालन गर्नकालागि आवश्यक कृषि वीउविजन तथा औजार उपलब्ध गराउने वा सोको लागि ऋण उपलब्ध गराउने । | प्रभावित क्षेत्र | | जिल्ला कृषि कार्यालय/ कृषि विकास वैंक | सरकारी तथा गै.स.स. | | |
| विद्यार्थीहरुको पढाई सञ्चालनका लागि विद्यालयहरुलाई शिक्षण सामग्री र विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीहरु उपलब्ध गराउने | प्रभावित क्षेत्र | | शिक्षा विकास तथा समन्वय इकाई | सरकारी तथा गै.स.स. | | |
| **अनुगमन** | | | | | | |
| बाढी प्रभावित समुदायले भोग्नुपरेका प्रमुख समस्याहरुको अभिलेखिकरण गर्ने । | प्रभावित स्थान | | जि.वि.व्य.स. | नेपाल रेडक्रस सोसाइटी | | |
| पहिचान गर्ने र नियमित मर्मत तथा सम्भार गर्ने । | प्रभावित स्थान | | जि.स.स.,सडक विभाग,जलउत्पन्न प्रकोपनियन्त्रण क | सरकारी तथा गै.स.स. | | |

## ४.४.३ भुकम्प

| मुख्य कृयाकलाप | स्थान | मुल्याङ्कन का सूचक | जिम्मेवारी र दायित्व | | समय | आसातित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | | |
| **भुकम्पपूर्व गरिने क्रियाकलापहरु** | | | | | | |
| भुकम्प बेलामा अपनाइने सुरक्षा उपायहरुको बारेमा जागरुकता अभियान सञ्चालन गर्ने । | सहरी पुर्वाधार रहेका स्थानहरु र अन्य समुदाय | | रेडक्रस, जिल्ला विकास समिति, | गैसस | | |
| भुकम्पले पुर्‍याएको क्षतिपश्चात पर्ने आर्थिक भार तथा असर कम गर्नका लागि सार्वजनिक तथा व्यक्तिगत सम्पक्तिहरुको बिमाको लागि पैरवी गर्ने । | पिडित क्षेत्र | | गैसस, क्लव, स्थानीय विव्यस, नगरपालिका गा.पा. | बिमा कम्पनीहरु | | |

| मुख्य कृयाकलाप | स्थान | मुल्याङ्कन का सूचक | जिम्मेवारी र दायित्व | | समय | आसातित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | | |
| सञ्जालको सदस्यहरु, समुदायका अगुवाहरु तथा स्वयंसेवकहरुलाई भुकम्प प्रकोपकोबेला सहयोग गर्ने तरिकाहरुको बारेमा, क्षति कम गर्न अपनाईने उपायहरुको बारेमा तालिमहरु सञ्चालन गर्ने | सम्भावित क्षेत्रहरु | | रेडक्रस, सुरक्षा निकाय | स्थानीय निकाय, राजनैतिक दल, गैसस | | |
| जिल्लाभित्रका राहत कार्यमा सहयोग गर्ने कार्यमा संलग्न संस्थाहरु तथा स्वयंमसेवकहरुको तालिका तयार गर्ने | पिडित क्षेत्र | | नेपाल रेडक्रस सोसाइटी | गै.स.स. | | |
| भुकम्पको पूर्वतयारी, बच्ने सम्भाव्य उपायहरु र जोखिमबारे समुदायमा प्रचार प्रसार र प्रवर्द्धन गर्ने । | पिडित क्षेत्र | | नेरेसो, जिप्रका, जि.स.स., | गैसस, गा.पा., रेडक्रस उपशाखा | | |
| **भुकम्पको बेलामा गरिने कृयाकलापहरु** | | | | | | |
| भुकम्पको बेला के गर्ने के बारेमा समुदायलाई सु-सूचित गर्ने । | पिडित क्षेत्र | | नेरेसो, जिप्रका, जि.स.स., | गैसस, गा.पा. | | |
| घाइतेहरुको उद्धारको लागि आवश्यक व्यवस्था मिलाउने । | पिडित क्षेत्र | | नेपाली सेना, नेपाल प्रहरी स्काउट , शसस्त्र प्रहरी | स्वास्थय कार्यालय | | |
| मरेका मानिसहरु तथा जनावरका सिनोहरु फेला पार्ने र तह लगाउने व्यवस्था मिलाउने । | पिडित क्षेत्र | | नगरपालिका, गा.पा. धार्मिक संस्था | स्थानीय समूह नेपाल प्रहरी, शसस्त्र र नेपाली सेना | | |
| भुकम्प स्थलमै घाइते मानिस तथा जनावरको उपचारको लागि स्वास्थ्य प्राविधिकहरुको व्यवस्था गर्ने । | पिडित क्षेत्र | | जिस्वाका, जिल्ला पशुसेवा कार्यालय | समुदाय गै.स.स. गा.पा. | | |
| खानेकुरा र पानीको आपुर्तिको लागि आवश्यक व्यवस्था मिलाउने । | पिडित क्षेत्र | | जि.प्र.का., जि.स.स., खा.पा.डि.कार्यालय | गैसस, उवासंघ | | |
| अस्थायी आवासगृह जस्तै त्रिपाल, खर, टेन्ट कर्कटपाता , गैर खाद्य सामग्री आदिको व्यवस्था गर्ने | पिडित क्षेत्र | | जिल्ला प्रशासन कार्यालय, जि.स.स., गा.पा., नेपाल रेडक्रस सोसाइटी | गै.स.स. | | |
| **भुकम्पपश्चात गरिने क्रियाकलापहरु** | | | | | | |
| यातायात तथा सञ्चार सुविधाको पुनःसंचालन गर्ने । | | | जि.स.स. सडक डिभिजन, नेपाल टेलिकम, विद्युत, | जि.स.स., गा.पा. | | |
| द्रुत क्षति तथा आवश्यकता पहिचान र राहत कार्य सञ्चालन गर्ने र क्षतिको आधारमा प्रभावित क्षेत्रको सीमाङ्कन गर्ने । | | | जिल्ला जनस्वास्थ्य र शिक्षा विकास तथा समन्वय इकाई | जि.स.स. गै.स.स. | | |
| क्षति भएका भौतिक संरचनाहरु पनः भत्किन सक्छन् त्यस्तालाई प्रयोग नगर्न समुदायलाई सचेत गराउने । | प्रभावित क्षेत्र | | जिल्ला समन्वय समिति, गा.पा. र स्थानीय रेडक्रस उपशाखाहरु | गैसस, नागरिक समाज | | |

| मुख्य कृयाकलाप | स्थान | मुल्याङ्कन का सूचक | जिम्मेवारी र दायित्व | | समय | आसातित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | | |
| असुरक्षित तरिकाले बनाईएका घरहरुलाई वरिपरिको अरु घरहरुलाई असर गर्नबाट बचाउनका लागि आवश्यक उपायहरु अपनाउने । | प्रभावित क्षेत्र | | नगरपालिका, जिल्ला प्रशासन कार्यालय | नागरिक समाज समुदाय | | |
| खोज तथा उद्वार कार्य सञ्चालन गर्ने र सार्वजनिक आश्रय स्थलहरुलाई व्यवस्थित गराउने । | प्रभावित क्षेत्र | | नेपाल प्रहरी, नेपाली सेना, जिल्ला प्रशासन कार्यालय | जि.स.स., विद्यालय, मदरसा, मन्दिर | | |
| भुकम्पबाट भएको क्षतीको बारेमा सूचनाहरुको संकलन गर्ने । | प्रभावित क्षेत्र | | नेपाला प्रहरी नेपाली सेना जिल्ला प्रशासन कार्यालय | गा.पा., रेडक्रस, क्लव, प्रहरी चौकी | | |
| आवधिक रुपमा सञ्चार जगतलाई सुसूचित गर्ने व्यवस्था मिलाउने । | प्रभावित क्षेत्र | | जिल्ला प्रशासन कार्यालय | पत्रकार महासंघ | | |
| प्रहरी तथा सेनासँग समन्वय गरेर पर्याप्त सुरक्षाको अवस्था कायम गर्ने सम्भाव्य सामाजिक अपराध नियन्त्रण गर्ने, | प्रभावित क्षेत्र | | जिल्ला प्रशासन कार्यालय नेपाल प्रहरी | स्थानीय चौकी, क्लव, राजनैतिक दल | | |
| भुकम्पबाट प्रभावित समुदायलाई राखिएको अस्थायी शिविर नजिकै राहत केन्द्रको स्थापना गर्ने र खाना लगायत अन्य अत्यावश्यक बस्तुहरुको आपूर्ति गर्ने | प्रभावित क्षेत्र | | जिप्रका, नेरेसो, गैसस, स्थानीय क्लव, सुरक्षा निकाय, जि.स.स., | उ.वा.सं., गै.स.स. | | |
| भुकम्पग्रस्त क्षेत्रमा प्रवेश गर्न रोक लगाउने । | प्रभावित क्षेत्र | | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी | | |
| सञ्चारका साधन तथा सञ्जाललाई पुनःसंचालन गर्ने । | प्रभावित क्षेत्र | | नेपाल टेलिकम | स्थानीय संघसंस्था | | |
| सरकारी तथा गैरसरकारी संस्थाको प्रतिनिधिहरुको उपस्थितिमा जिल्ला स्तरीय राहत र पुर्नर्बास कोषको स्थापना गर्ने | जिल्ला स्तरिय | | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति | प्रकोपको क्षेत्रमा काम गर्ने निकायहरु | | |
| राहत र पुनर्बास नीति र कार्यक्रमको घोषणा तथा अपिल गर्ने । | प्रभावित क्षेत्र | | जिप्रका, जि.वि.व्य.स., | जि.स.स., प्रहरी, राजनैतिक दल, रेडक्रस | | |
| अस्तित्वमा रहेका सार्वजनिक संरचनाको सुरक्षाको अध्ययन गर्ने । | प्रभावित क्षेत्र | | सुरक्षा निकायहरु | समुदाय | | |

## ४.४.४ आगलागी

**(आगलागीपूर्व गरिने क्रियाकलापहरु)**

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन सूचक | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्था | |
| विद्युतीय सामग्रीहरुको उपयुक्त प्रयोग बारे सचेतना जगाउने । | समुदाय र सम्वेदनशील ठाँउ | | नेपाल रेडक्रस सोसाइटी र गै.स.स. | विद्यालय | |
| भवन निर्माण स्थलहरुमा आगलागी रोकथामको लागि प्रयोग हुने चिन्ह संकेतहरुको प्रयोग गर्ने । | सम्भावित क्षेत्र | | जिप्रका,ने.रे.सो. पर्वत र सम्बधित निकायहरु | | |

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन सूचक | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्था | |
| उच्च जोखिमपूर्ण क्षेत्रहरुमा पानीको आपूर्ति तथा संवेदनशील पदार्थहरुको अवलोकन र पानीका सार्वजनिक श्रोतहरुको नक्साङ्कन गर्ने । | धारा, इनार , पानी टंकी, सम्भावित स्थान | | खा.पा. सरसफाई डिभिजन कार्यालय | जि. प्राविधिक का., गा.पा. | |
| आगलागी नियन्त्रण योजनाहरु बनाउने । | सम्भावित स्थान | | जि.वि.व्य.स., | रेडक्रस | |
| तालिमको माध्यमबाट सम्बन्धित कर्मचारी जोखिमयुक्त समुदाय तथा विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई अभिमुखिकरण गर्ने | समुदाय विद्यालय | | रेडक्रस | रेडक्रस उपशाखाहरु | |
| आगलागी नियन्त्रण गर्ने सामाग्रीहरु र मानवीय स्रोतहरु सहितको आगलागी नियन्त्रण केन्द्रको स्थापना गर्ने | गाँउघर तथा शम्बेदनशिल क्षेत्र | | गा.पा. नगरपालिका | जि.स.स., रेडक्रस गै.स.स. | |
| अन्य आवश्यक सेवाको लागि नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण र नेपाली सेना तथा नेपाल प्रहरी सँग समन्वय गर्ने | जिल्ला स्तरमा | | जिल्ला प्रशासन कार्यालय | नेपाल रेडक्रस सोसाइटी | |
| उपयुक्त सञ्चारको लागि कार्य सञ्जाल स्थापना गर्ने । | पायक पर्ने र सम्बन्धित स्थानमा | | जि.प्र.का. | नेपाल प्रहरी | |
| दमकलको व्यवस्था गर्ने | पायक पर्ने स्थानमा/ सम्बन्धित ठाँउमा | | नेपाल प्रहरी | नगरपालिका, स्थानीय संस्था | |
| आगलागी हुने संकटाभिमुख क्षेत्र थाहा पाई राख्ने | पायक पर्ने स्थानमा/ सम्बन्धित ठाँउमा | | जि.वि.व्य.स. | रेडक्रस | |
| डढेलो लाग्ने समयमा डढेलोको रोकथाम टोली तयारी अवस्थामा राख्ने | वन क्षेत्रमा | | जिल्ला वन कार्यालय | बन समूह, ब.उ.महासंघ | |
| वन व्यवस्थापन योजनाद्वारा आगलागी क्षेत्र रोकावट गर्ने । | सामुदायिक वन क्षेत्र | | वन उपभोक्ता समिति र डिभिजन वन कार्यालय | समुदाय | |
| आपत्कालीन समयमा रोकथाम र उपयुक्त प्रतिक्रिया दिन कर्मचारी र स्वयंसेवकहरुलाई सिपयुक्त (दक्ष) बनाउने | सामुदायिक वनमा आबद्ध | | वन उपभोक्ता समिति र डिभिजन वन कार्यालय | रेडक्रस | |
| आगलागी नियन्त्रण तथा बचावटकोलागि जानकारीमूलक सूचना शिक्षा सामग्री उत्पादन तथा वितरण गर्ने | समुदाय, नगर क्षेत्र विद्यालय सार्वजनिक स्थलमा | | जि.स.स. गा.पा. सा.व.उ.स. जिल्ला प्रशासन | नेरेसो, जि.वि.व्य.स. | |
| आगलागी प्रकोपको संभावना रहेको समुदायमा के गर्ने र के नगर्ने भन्ने कार्य तथा व्यवहारहरुको स्तरीकरण गर्ने | आवश्यक अनुसारको सुरक्षा सामग्रीको व्यवस्था | | जिल्ला प्रशासन कार्यालय, समाजसेवी , स्थानीय निकाय | जिप्रका, स्थानीय निकाय, गैसस | |
| विभिन्न सँचार (पत्रपत्रिका तथा सञ्चार माध्यमद्वारा बृहत सचेतना कार्यक्रमको आयोजना गर्ने । | स्थानीय स्तरमा | | रेडक्रस, जिल्ला प्रशासन कार्यलय | पत्रकार महासंघ, रेडियो, | एफ.एम. मार्फत |
| अस्पतालहरुमा विशेष किसिमका वार्डको व्यवस्था गर्ने र अस्पताल क्षेत्रमा अग्नी नियन्त्रण संयन्त्रको स्थापना गर्ने । | अस्पतालमा आगलागी संकेत राख्ने | | जि.स्वा.का. | स्थानीय निकाय | |
| निर्वासित व्यक्तिहरुको राहतको लागि शरणार्थी कोठा तथा क्याम्पको पहिचान गरी व्यवस्था गर्ने । | विद्यालय धार्मिक स्थल,सार्वजनिक स्थल,गा.पा. | | जिल्ला प्रशासन कार्यालय | नेरेसो, जि.वि.व्य.स. | |

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन सूचक | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्था | |
| आगलागी रोकथामको लागि समुदायका अगुवा शिक्षक तथा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने | गा.पा.समुदाय विद्यालय, सरोकारवाला | | शिक्षा कार्यालय | नेरेसो,गा.पा. | |
| संवेदनशील समुदायहरुको निरन्तर अवलोकन गर्ने र आगलागीबाट सुरक्षित राख्न सम्बन्धित समुदायलाई दायित्व बोध गराउने । | जोखिमपूर्ण समुदायमा जनचेतना अभियान गर्ने, | | जिल्ला प्रशासन कार्यालय | गा.पा., विद्यालय | |
| आगलागी प्रकोपमा प्रथमत सोही समुदायलाई परिचालन गरी आगो निभाउने, | प्रभावित स्थान | | बन उ.स., समुदाय, डिभिजन वन कार्यालय | जिप्रका, सुरक्षा निकाय | |
| गाउँ नजिकै बनजँगल क्षेत्र छ भने आगलागी गराउने पतरभ्करहरु सफा गर्ने | सम्भावित क्षेत्र | | डिभिजन वन कार्यालय | बन समूह, समुदाय, | |
| आगलागी भैरहेको क्षेत्रमा बस्तु भाउहरु बाँधिएका छन् भने फुकाई दिनु पर्दछ । | प्रभावित स्थान | | समुदाय | बन कार्यालय | |
| आगलागी नियन्त्रणमा स्थानीय सामाग्री प्रयोगमा जोड दिने, | प्रभावित स्थान | | समुदाय, बन समुह, | बन कार्यालय | |
| यदि कोही आगोमा परेको छ भने तुरुन्त उपचारको लागि सम्बन्धित ठाँउमा पठाउने । | प्रभावित स्थान | | स्वास्थ केन्द्र, गा.पा. | जिस्वाका | |
| सर्वप्रथम त्यस ठाँउमा प्रभावित भएका मानिसहरुमध्ये केटाकेटी तथा बुढापाकाहरुलाई सुरक्षित ठाँउमा सार्न कदम चाल्ने । | प्रभावित स्थान | | मविअ, रेडक्रस, जिप्रका | स्थानीय गा.पा., प्रहरी चौकी, | |
| पिडितलाई प्राथमिक उपचार प्रदान गर्न नजिकको स्वास्थ्य केन्द्रमा लैजाने, | प्रभावित स्थान | | स्वास्थ्य चौकीहरु | जिस्वाका, रेडक्रस | |
| आगलागीमा कुनै अपराधी संलग्न भएमा अनुसन्धान गरी कानूनी प्रकृया अगाडि बढाउने । | आगलागी भएको ठाँउमा | | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी , गा.पा. | तुरुन्त |
| घटना तथा क्षतिपूर्तीको विवरण सहितको प्रतिवेदन तयार पार्ने । | घटना स्थलको | | जिप्रका, सुरक्षा निकाय | नेपाल रेडक्रस | |
| आगलागी प्रभावितहरुलाई पुर्नस्थापित गराउने । | घटनास्थल/गा.वि.स | | जिप्रका | जि.स.स.,सुरक्षा निकाय | |
| आगजनी बिमा सम्बन्धमा समुदायलाई उत्साहित र प्रोत्साहित गर्ने । | घटना भएको क्षेत्र/गा.पा. | | नेपाल रेडक्रस सोसाइटी, गैसस | गा.पा., विमा कम्पनि | |

## ४.४.५ चट्याङ्ग

### चट्याङ्ग पूर्व गरिने क्रियाकलापहरु

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन सूचक | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | |
| निरन्तर चट्याङ्ग पर्ने स्थानको पहिचान गर्ने, | समुदाय, सम्वेदनशील स्थान | | जि.वि.व्य.स. | रेडक्रस | |
| स्थानीय निकायलाई सचेत रहन र प्रकोप व्यवस्थापन गर्न तयार रहन सचेत गराउने | सम्बन्धित क्षेत्र | | जिल्ला प्रशासन कार्यालय, | ने.रे.सो. पर्वत र गा.पा.हरु | |
| राहत, उद्धार सामाग्री तथा उपकरणहरुको व्यवस्था मिलाउने | जि.वि.व्य.स. | | जिल्ला प्रशासन का. | रेडक्रस | |
| घाइतेको उपचार तथा रेफर गर्न आवश्यक व्यवस्था मिलाउने, | सम्भावित स्थान | | स्वास्थय केन्दहरु | रेडक्रस उपशाखाहरु | |

| मुख्य कृयाकलाप | कहाँ/कति गर्ने | मुल्याङ्कन सूचक | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार | सहयोगी संस्था | |
| सम्बन्धित कर्मचारी, जोखिमयुक्त समुदाय तथा विद्यार्थीहरुलाई अभिमुखिकरण गर्ने | समुदाय, | | रेडक्रस | रेडक्रस उपशाखाहरु | |
| सञ्चारको लागि कार्य सञ्जाल स्थापना गर्ने, | आवश्यकतानुसार | | जि.प्र.का. | नेपाल प्रहरी | |
| आपत्कालीन रोकथाम र उपयुक्त प्रतिक्रिया दिनस्वयंसेवक हरुलाई सचेत बनाउने । | स्थानीय समुदाय | | रेडक्रस | रेडक्रस उपशाखाहरु, गैसस | |
| बचावटकोलागि जानकारीमूलक सूचना शिक्षा सामग्री उत्पादन तथा वितरण गर्ने | जिल्ला भरी | | जि.स.स. गा.पा. जिल्ला प्रशासन, रेडक्रस | नेरेसो, जि.वि.व्य.स. | |
| विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यमद्वारा बृहत सचेतना कार्यक्रमको आयोजना गर्ने । | स्थानीय स्तरमा | | रेडक्रस, जिल्ला प्रशासन कार्यलय | पत्रकार महासंघ, रेडियो, | एफ.एम. मार्फत |
| स्वास्थय केन्द्रमा उपचार कक्ष तयारी राख्ने | स्थानीय स्तर | | स्वा.का. | स्थानीय निकाय | |
| पिडित व्यक्तिहरुको राहतको लागि व्यवस्था गर्ने | स्थानीय गा.पा. | | जिप्रका | नेरेसो, जि.वि.व्य.स. | |
| **चट्याङ्गको समयमा गर्ने कार्य** | | | | | |
| प्रकोप भएमा प्रथमत सोही समुदायलाई परिचालन गरी यथाशीघ्र घाइतेको उद्धारको व्यवस्था मिलाउने | प्रभावित स्थान | | जि.प्र.का, | सुरक्षा निकाय, | |
| स्थानीय रुपमा सम्भव नभए यातायात र अस्पताल पुर्‍याउने व्यवस्था मिलाउने | प्रभावित क्षेत्र | | समदाय, प्रहरी चौकी | जि.वि.व्य.स. | |
| चट्याङ्गको कारण क्षतिग्रस्त संरचनाको अवलोकन गर्ने, जोखिमसंकेत राख्ने र प्रचार गर्ने | प्रभावित स्थान | | समुदाय, स्थानीय विव्यस जिल्ला प्र., जि.स.स., | गा.पा., नपा, रेडक्रस | |
| निरन्तर चट्याङ्गको अवस्था रहेमा वाहिर ननिस्कन सूचना प्रसारण गर्ने, | प्रभावित स्थान | | समुदाय, रेडक्रस, पत्रकार महासंघ | एम रेडियोहरु | |
| स्थानीय अवस्थाको तत्काल सम्वन्धित निकायमा जानकारी गराउने | प्रभावित स्थान | | रेडक्रस | जि.प्र.का. | |
| सर्वप्रथम त्यस ठाँउमा प्रभावित भएका मानिसहरुमध्ये केटाकेटी तथा बुढापाकाहरुलाई सुरक्षित ठाँउमा सार्न कदम चाल्ने । | प्रभावित स्थान | | रेडक्रस, जिप्रका | स्थानीय गा.पा., प्रहरी चौकी, | |
| प्रभावितहरुलाई प्राथमिक उपचार प्रदान गर्ने र नजिकैको स्वास्थ्य केन्द्रमा प्राथमिक उपचारको लागि लैजाने । | प्रभावित स्थान | | स्वास्थ्य चौकीहरु | स्वाका, रेडक्रस | |
| घटना तथा क्षतिपूर्तीको आवश्यक सम्पूर्ण विवरण सहितको प्रतिवेदन तयार पार्ने । | घटना स्थलको | | जिल्ला प्रशासन कार्यालय,नेपाल प्रहरी | नेपाल रेडक्रस | |
| विस्थापित तथा प्रकोप पिडितहरुलाई तथा अन्य प्रभावितहरुलाई पुर्नस्थापित गराउने । | घटना भएको क्षेत्र/गा.पा. | | जिल्ला प्रशासन कार्यालय, | जि.स.स.,गा.पा., सुरक्षा निकाय | |
| बिमा सम्बन्धमा समुदायलाई उत्साहित र प्रोत्साहित गर्ने । | घटना भएको क्षेत्र/गा.पा. | | नेपाल रेडक्रस सोसाइटी, गैसस | गा.पा., विमा कम्पनि | |

### ४.४.५ हावाहुरी

यस जिल्ला वर्षेनी फाल्गुण देखि जेठ महिनाको वीचमा हावाहुरी आई सोको कारण मानबीय र जनधनको क्षति हुनुको साथै ठूलो संख्यामा विद्यालय भवन लगायतका भौतिक पूर्वाधारमा क्षति पुर्‍याउने गरेको देखिएको छ । यसबाट हुने क्षतिलाई न्यूनिकरण गर्न अन्य विपद्जन्य घटनाहरुमा जस्तै पूर्वतयारी र प्रतिकार्यको लागि राहत, उद्धार, प्राथमिक उपचार, सचेतना, सूचना प्रणाली सक्रिय गराउने देखि क्षतिग्रस्त संचरनाहरुको पूर्ननिर्माण गरी सेवा पूर्ववत गर्न सकिय रहनुपर्ने, पूर्व तयारी गर्ने र प्रतिकार्य गर्ने स्पष्ट योजना र जिम्मेवारी सहित कार्ययोजना निर्माण गरी सार्वजनिक गर्नु पर्ने हुन्छ । सबै प्रकारका प्रकोपजन्य घटनाहरु जस्तै हावाहुरीको समयमा

समेत ८ वटा कलस्टहरु पूर्व तयारी अवस्थामा रही कार्य गरिनेछ । सवै क्षेत्रगत निकायहरु वीचमा समन्वय गरी जिल्ला दैविप्रकोप उद्वार समिति, जिल्ला प्रशासन कार्यालय, रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु, जिल्ला समन्वय समिति लगायत सवै स्थानीय सरोकारवाला संघसंस्थाहरु परिचालन गर्ने कार्य गरिनेछ ।

## ४.५ मनोसामाजिक सहयोग

विपद्को कारण घरबार तथा आफन्तहरु गुमाएका र आकस्मिक घट्नाको कारण मानसिक सन्तुलन गुमाउन पुग्दछन् । प्रकोपको कारण मानसिक सन्तुलन गुमाएकाहरुलाई दिइने मनोसामाजिक सहयोगले मानसिक अवस्थालाई पूर्ववत् अवस्थामा पुऱ्याउन सहयोग पुग्छ । परामर्शको क्रममा केटाकेटीहरुलाई विशेष प्राथमिकता दिइन्छ । मनोसामाजिक सहयोगकर्ताहरु स्थानीय स्तरमानै उपलब्ध छन् । प्रभावितहरुलाई मानसिक, सामाजिक तथा नैतिक सहयोग मार्फत पूर्ववत अवस्थामा पुऱ्याउन संजालको क्षमता वृद्धि गर्ने । प्रकोपको कारण मानसिक सन्तुलन गुमाउन पुगेका विशेष गरी १६ वर्ष भन्दा मुनिका केटाकेटीहरुको पहिचान गरी जोखिमको आधारमा अन्तरव्यक्ति, सामुहिक मनोसामाजिक सहयोग गर्ने । चरम मानसिक आघातको अवस्थामा पुगेका केटाकेटीको हकमा मेडिकल परामर्शका लागि प्रेषित गर्न सकिने छ ।

### न्यूनतम कार्यहरु

- स्थानीय अन्तरव्यक्ति मनोसामाजिक सहयोगकर्ताहरुसँग समन्वय गरी पीडितलाई आवश्यक सहयोग गर्ने,
- प्रभावकारी मनोसामाजिक सहयोगकर्ता तयार गर्न तालिम प्रदान गर्ने,
- मेडिकल परामर्शका लागि परामर्शदाता संघसंस्थाहरुको सूची तथा रिफरल प्रक्रिया दुरुस्त राख्ने,
- पीडित पूर्णरुपले तन्दुरुस्त भए पश्चात आफन्तहरुको जिम्मा लगाउने,
- अभिभावक पत्ता नलागे जिम्मेवार सरकारी प्रतिनिधिको रोहवरमा बालगृह, अनाथालय तथा व्यक्ति जिम्मा लगाउने,

# परिच्छेद ५
# कार्ययोजना र निकायगत जिम्मेवारी

## ५.१ कार्ययोजना :

जिल्लामा विपद् प्रतिकार्यका लागि देहाय अनुसारको कार्ययोजना कार्यान्वयन गरिनेछ। जसवाट पूर्व तयारी, राहत उद्धार र क्षमता विकासको लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

| मुख्य कृयाकलाप | स्थान | मुल्याङ्कनको सूचकहरु | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्था | |
| प्रकोप पूर्वतयारी तथा सहयोग सञ्जालको क्षमता अभिवृद्धि | समुदाय, रेडक्रस, स्वयंसेवक | | नेपाल रेडक्रस सोसाइटी | नेपाली सेना, नेपाल प्रहरी, जिल्ला प्रशासन | |
| प्रकोपको प्रकृति अनुसार सन्जालका सदस्यहरुको जिम्मेवारी बाँडफाँड। | आवश्यकतानुसार | | जि.वि.व्य.स. | जिल्ला प्रशासन कार्यालय | |
| संकटासन्न समुदायको नक्शाकन गर्ने | नेपाल रेडक्रस सोसाइटी | | नेपाल रेडक्रस सोसाइटी | जि.स.स. | |
| जिल्ला स्तरीय प्रकोप व्यवस्थापन सूचना केन्द्रको स्थापना | जिप्रका | | विपद् व्यवस्थापन समिति | सुरक्षा निकाय, जि.स.स. | |
| समुदाय, गा.पा. र जिल्ला स्तरमा सूचना सञ्जालको तयारी। | प्रभावित क्षेत्र | | नेपाल रेडक्रस सोसाइटी | प्रहरी चौकी गा.पा., समुदाय, ने.रे.सो. उपशाखा | |
| जि.वि.व्य.स.का मुख्य मुख्य निर्णयहरु नियमित रुपमा केन्द्रमा संप्रेषण गर्ने | जिल्ला स्तर | | जिल्ला प्रशासन कार्यालय | जि.वि.व्य.स., जि.स.स. | |
| प्रत्येक गा.पा.मा आकस्मिक अवतरणका लागि १/१ वटा हेलिप्याड निर्माण गर्ने, | प्रत्येक गा.पा. | | जिप्रका | जि.वि.व्य.स., जि.स.स., सुरक्षा निकायहरु | |
| प्रत्येक प्रहरी इकाइहरुमा न्यूनतम १ थान उद्धारका औजारहरु -गल,घन, गैटी वेल्चाच लगायतका सामान उपलब्ध गराउने, | | | | | |
| जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी तथा पुनरावलोकन गर्ने | | | | | |
| **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| जोखिम र संकटाभिमुखता न्यूनिकरणका गतिविधिलाई गा.पा. स्तरीय विकास क्रियाकलापमा समावेश गर्ने । | | | नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति | |
| प्रकोपको क्षेत्रमा काम गर्ने गा.पा. र जिल्ला स्तरका सबै संघ-संस्थाहरुले वार्षिक योजनामा प्रकोप सहयोगको लागि बजेट बिनियोजन गर्ने । | | | जिल्ला समन्वय समिति | रेडक्रस सोसाइटी, गैसस महासंघ | |
| प्रकोपप्रभावित समुदायमा निर्माण गरिने अस्थायी बसोबासका लागि शहरी तथा ग्रामिण दुवै क्षेत्रमा खुल्ला ठाँउको व्यवस्था गर्ने। | सम्भावित स्थानहरु | | जिल्ला प्रशासन कार्यालय, जि.वि.व्य.स. | क्षेत्र सदस्यहरु, गा.पा., | |
| प्रकोप सावधानीका उपायहरु तथा हुन सक्ने प्रकोपहरुको बारेमा समुदायमा सचेतना अभियान सञ्चालन गर्ने। | | | नेपाल रेडक्रस सोसाइटी | विपत व्यवस्थापन समिति, जि.स.स. | |

| मुख्य कृयाकलाप | स्थान | मुल्याङ्कनको सूचकहरु | जिम्मेवारी र दायित्व | | समय |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्था | |
| प्रकोपको द्रुत तथा बिस्तृत सर्वेक्षण संयन्त्र निर्माण गरी उनीहरुको क्षमतामा अभृवृद्धि गर्ने। | जिल्ला स्तर | | जि.प्र.का. | जि.वि.व्य.स. र सदस्य संस्थाहरु | |
| **पूर्वतयारी, सहयोग तथा उद्वार कार्य,** | | | | | |
| भण्डारगृहमा राहत सामग्रीहरु नियमित रुपमा उपलब्ध गराउने । | जिल्ला स्तर | | कृषि खाद्य क्षेत्र | जि.वि.व्य.स. | |
| सर्वमान्य आवश्यकता पहिचान फारमको बिकास गर्ने र सबै गा.पा. र नगरपालिकालाई उपलब्ध गराउने । | जिल्ला स्तर | | रेडक्रस | जि.वि.व्य.स. | |
| औषधि तथा उपचार सहयोग स्वास्थ्य टोली गठन गर्ने । | स्वास्थ्य समिति | | जि.स्वा.का. रेडक्रस | क्षेत्र सदस्यहरु | |
| क्षति पहिचानको सर्वमान्य फारमको विकास गर्ने | जिल्ला स्तर | | रेडक्रस | जि.वि.व्य.स. | |
| **अध्ययन र अभिलेखिकरण** | | | | | |
| स्थानीय समुदायमा प्रकोप सम्बन्धी परम्परागत प्रविधि, ज्ञान, सीप तथा मान्यताहरुको अभिलेखीकरण गर्ने । | | | | | |
| नियमित रुपमा जिल्ला भित्रका सरकारी गैरसरकारी र व्यक्तिगत क्षमताको पहिचान गर्ने र सार्वजिनक गर्ने व्यक्तिगत श्रोतहरुको तालिम तयार गर्ने | | | | | |
| प्रकोपको जोखिम र संकटाभिमुखताको आवधिक रुपमा पहिचान र निर्धारण गर्ने । | | | | | |

## ५.२ निकायगत भूमिका तथा जिम्मेवारी

| संस्थाको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी | क्षमता | अभाव (GAP) |
|---|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | • प्र.जि.अ.<br>• स.प्र.जि.अ.<br>• फोकल पर्सन | • समन्वय, संचार,<br>खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय परिचालन, अस्थायी आवास,<br>• बैठक र परिचालन<br>• मृत्युसंस्कार | • **DDRC** परिचालन<br>• सुरक्षा निकाय ३ वटामा करिब ३०० परिचालन हुने<br>• **NDRC** सँग समन्वय गरी स्रोत व्यवस्थापन | • हरेक संस्थाका सम्पर्क व्यक्तिलाई तालिम दिनुपर्ने<br>• सुरक्षाकर्मीलाई तालिम दिनुपर्ने,<br>• सीमित स्रोत |
| जिल्ला समन्वय समितिको कार्यालय | • जि.स.अ.<br>• प्र.जिल्ला इ.<br>• यो.अ.तथा प्र.अ.<br>• सूचना अधिकृत<br>• फोकल पर्सन | • समन्वय र परिचालन<br>• आवास र पुनर्स्थापना<br>• पुनःनिर्माण<br>• बजेट व्यवस्थापन<br>• आकस्मिक निर्माण, | • गा.पा. सचिव परिचालन,<br>• सामाजिक कार्यकर्ता परिचालन<br>• राजनैतिक दलसँग समन्वय<br>• बजेट व्यवस्थापन,<br>• गा.पा.को बजेट परिचालन हुनसक्ने, | • सीमित बजेट<br>• विपद् व्यवस्थापन र प्राथमिक उपचार बारे कर्मचारीलाई तालिम आवश्यक,<br>• मानवीय सहयोग र उद्धार तालिम आवश्यक, |
| नेपाल रेडक्रस सोसाइटी | • सभापति<br>• फोकल पर्सन | • पबन्ध तथा व्यवस्थापन<br>• गैरखाद्य सामाग्री व्य.,<br>• सूचना संकलन,<br>• प्राथमिक उपचार,<br>• सर्वेक्षण र प्रतिवेदन,<br>• क्षतिको विवरण संकलन<br>• स्वयंसेवक परिचालन,<br>• आपतकालीन आवास तथा | • २ वटा एम्वुलेन्स,<br>• बन्दोबस्ती सामान थान १००,<br>• स्वयंसेवक संख्या ७०,<br>• उपशाखाहरु संख्या १७,<br>• तालिम प्राप्त जनशक्ति ५०,<br>• कर्मचारी ४,<br>• रेडक्रस केन्दबवाट प्राप्त हुने सहयोग, | • जिल्लाको स्वयंसेवक संख्या अध्यावधिक गर्ने र पुर्नताजगी तालिम दिनुपर्ने,<br>• सहयोग तथा आचारसंहिता सम्बन्धी स्वयंसेवक तालिम,<br>• खोज तथा उद्धार र राहत सम्बन्धी निर्देशिका तयारी गर्नुपर्ने, |

| संस्थाको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी | क्षमता | अभाव (GAP) |
|---|---|---|---|---|
| | | बन्दोबस्ती,<br>• समन्वय र संचार | • यवस्थापकीय क्षमता,<br>• रिर्पोटीङ्ग संयन्त्र,<br>• प्राथमिक उपचार किटबक्स, | • जिल्लामा आपतकालीन कोष स्थापना र परिचालन<br>• थप स्वयंसेवकलाई तालिम, |
| जिल्ला स्वास्थ्य कार्यालय | • कार्यालय प्रमुख,<br>• फोकल पर्सन | • स्वास्थ्य र पोषण,<br>• प्राथमिक उपचार | • अस्पताल १, प्रा.स्वा.के. २, हे.पो.र सव हे.पो.प्रत्येक गा.पा.मा, जनशक्ति तथा कर्मचारी परिचालन हुनसक्ने | • आवश्यक औषधीको कमी,<br>• जनसहयोगीको कमी, |
| जिल्ला कृषि विकास कार्यालय | • प्रमुख<br>• फोकल पर्सन | • खाद्यान्न तथा जीविकोपार्जन<br>• प्रकोप स्थलगकोत अध्ययन, क्षती मुल्याङ्कन र रिर्पोट तयार गर्ने, | • कृषि विकास कार्यालयमा कार्यरत जनशक्ति परिचालन हुन सक्ने,<br>• विभिन्न सेवा केन्द्र र उपकेन्द्र परिचालन हुनसक्न<br>• ` तालिम,बीउविजन उपलब्ध हुन सक्ने,<br>• टनेल, पाइप, | • सवै सेवा केन्द्र तथा उपकेन्द्रमा बीउको भण्डार नहुनु,<br>• आवश्यक राहतको लागि कोषको कमी |
| शिक्षा विकास तथा समन्वय इकाई | • ईकाइ प्रमुख<br>• फोकल पर्सन | • आपतकालीन शिक्षा,<br>• आकस्मीक आवसको लागि विधालय उपलब्ध गराउन समन्वय गर्ने | • विभिन्न स्रोत केन्द्रहरु रहेको,<br>• विधालयहरु आपतकालीन आश्रय स्थललाई प्रयोग गरिने,<br>• शिक्षक विधार्थीहरु स्वयंसेवकको रुपमा परिचालित हुनसक्ने,<br>• आपतकालीन शिक्षाको रुपमा शिक्षकहरु परिचालन गर्न सकिने | • आपतकालीन शिक्षा सहायता कोष नहुनु,<br>• आपतकालीन शिक्षा बारे शिक्षकहरुलाई तालिम नहुनु,<br>• स्यंमसेवकको रुपमा काम गर्न शिक्षक, विधार्थी र कर्मचारीलाई तालिम नहुनु, |
| महिला तथा बाल बालिका कार्यालय | • म.तथा बा. अधिकृत<br>• फोकल पर्सन | • महिला तथा बालबालिका संरक्षण,<br>• समन्वय, | • सो क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थासँग समन्वय गर्ने,<br>• महिला समूह परिचालन हुनसक्ने,<br>• कर्मचारीद्धारा तालिम प्रदान गर्न सक्ने, | • सो सम्बन्धी कोष नहुनु,<br>• कर्मचारीलाई उद्घार र आपतकालीन तालिम नहुनु,<br>• स्थानीय महिला समुहलाई सो सम्बन्धी तालिम नुहुनु, |
| जिल्ला खा.पा. तथा सरसफाई डि. कार्यालय | • डिभिजन प्रमुख<br>• फोकल पर्सन | • खानेपानी, सरसफाई तथा समन्वय, ढल निकास | • खानेपानी उपलब्ध गराउन आवश्यक पाईप रहको,<br>• पानी शुद्धिकरण गर्ने औषधी तथा पानी परीक्षण गर्न सक्ने,<br>• कर्मचारी परिचालीत हुनसक्ने<br>• विभिन्न संस्था परिचालन गर्नसकिने, | • आपतकालीन जगेडा कोष नरहेको,<br>• कर्मचारीलाई यो विषयमा जानकारी तथा तालिम आवश्यक रहेको,<br>• |
| ३ वटै सुरक्षा निकायहरु | • प्रमुखहरु,<br>• फोकलपर्सनहरु | • सुरक्षा र संरक्षण<br>• स्वयंसेवक परिचालन,<br>• उद्घारर राहत वितरण<br>• सूचना र रिपोर्टीङ्ग | • तालिम प्राप्त जनशक्ति रहेको,<br>• विभिन्न गा.पा.मा रहेका इलाका कार्यालय तथा चौकी, | • आपतकालीन अवस्थालाई जगेडा कोष नरहेको,<br>• उद्घार सामाग्री र स्रोत साधनको कमी, |
| जिल्ला बन कार्यालय | • प्रमुख<br>• फोकल पर्सन | • काष्ठजन्य सहयोग,<br>• आश्रय स्थल उपलब्ध गराउने, | • हरेक गा.पा.मा बन समुह रहेको र परिचालन गर्न सकिने,<br>• राहत कोष परिचालन गर्न सकिने,<br>• काष्ठजन्य सहयोग हुनसक्ने,<br>• बृक्षा रोपण र विरुवा उपलब्ध गराउन सकिने,<br>• बनसंरक्षण सम्बन्धी तालिम दिनसकिने, | • बनसमूह र कर्मचारीलाई प्रकोप व्यवस्थापन सम्बन्धी ज्ञान सीपको कमी रहेको, |
| जिल्ला भू-संरक्षण कार्यालय | • प्रमुख<br>• फोकल पर्सन | • संरक्षण तथा रोकथाम<br>• नियन्त्रण | • भू–क्षय रोकथामको लागि सामग्री प्रदान गर्नसकिने,<br>• प्राविधिक जनशक्ति परिचालन, | • आवश्यकतानुसारको रकम कमी, |

| संस्थाको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी | क्षमता | अभाव (GAP) |
|---|---|---|---|---|
| उ.वा.संघ | • प्रमुख<br>• फोकलपर्सन | • खाद्य सामग्री तथा बन्दोबस्ती सामाग्री उपलब्ध गराउने | • व्यवसायी परिचालित हुने,<br>• सहयोगको लागि आह्वान हुने,<br>• राहत संकलन,<br>• समन्वय गर्नसक्ने,<br>• रकम, खाद्यसामाग्री र लत्ताकपडा संकलन गर्नसक्ने | • उधोगी व्यवसायीलाई सो सम्बन्धी तालिम प्रदान गर्नुपर्ने,<br>• आपतकालीन कोष खडा नगरिएको, |
| राजनैतिक दल | • दल प्रमुख | • अनुगमन र समन्वय<br>• स्वयंसेवक र कार्यकर्ता परिचालन, | • कोष जुटाउन सहयोग हुनसक्ने,<br>• नीतिगत निर्णयहरु,<br>• कार्यकर्ताको संजाल परिचालन हुनसक्ने,<br>• समन्वय गर्न सकिने,<br>• सरकारलाई सहयोगको लागि दवाव दिनसक्ने, | • प्रकोप व्यवस्थापन बारेमा ज्ञान तथा सीप विकास र राहत उद्वार सम्बन्धी तालिम दिनुपर्ने, |
| गैरसरकारी संघसंस्था | • प्रमुखहरु | • समन्वय,<br>• सदस्य र कर्मचारी परिचालन,<br>• तालिम र काउन्सेलिङ्ग,<br>• सहयोग संकलन | • राहत संकलनमा कर्मचारी परिचालन हुनसक्ने,<br>• आर्थिक सहयोग हुनसक्ने,<br>• तालिम प्रदान गर्ने र सामाजिक परिचालनको कार्य गर्न सकिने,<br>• सान्त्वना र परामर्श प्रदान गर्न स्वयंसेवक परिचालन गर्न सकिने, | • आपतकालीन अवस्थामा व्यवस्थापन बारे आवश्यक ज्ञान सीपको कमी रहेको, |
| संचार संस्था र संचारकर्मी | • प्रमुख, सम्पूर्ण पत्रकार | • संचार र समाचार प्रसारण,<br>• रिर्पोटिङ्ग,<br>• समन्वय | • रेडियो तथा पत्रिकाद्धारा सो सम्बन्धी जानकारी प्रसारण गर्न सकिने,<br>• सबैलाई सहयोगको लागि सार्वजनिक आह्वान गर्नसकिने,<br>• नियमित खबर अध्यावधिक र रिर्पोटिङ्ग गर्नसकिने, | • आपतकालीन अवस्थाको व्यवस्थापन बारेमा आवश्यक ज्ञान सीपको लागि तालिम चाहिने, |
| विभिन्न गा.पा.हरु | • प्रमुख तथा गा.पा. सचिव | • राहतवितरण र सहयोग,<br>• समन्वय र परिचालन<br>• पुनःनिर्माण,<br>• सूचना संप्रेषण,<br>• आर्थिक सहायता प्रदान<br>• जोखिम क्षेत्र पहिचान गर्ने,<br>• चेतना अभिवृद्धिको लागि तालिम गोष्ठिको लागि कोष विनियोजन, | • भैपरी कोष परिचालन गर्न सकिने,<br>• पुनःनिर्माणको लागि योजना तर्जुमा गरी कार्यान्वय गर्न सकिने,<br>• स्थानीय संघसंस्था, सर्वसाधारण, राजनैतिक दलहरुसँग समन्वय गरी सहयोगको आह्वन गर्नसकिने,<br>• राहत संकलन र उद्धार तथा वितरणमा समन्वय गर्नसक्ने,<br>• अस्थायी शिविर व्यवस्थापन, | • प्रकोप व्यवस्थापनको लागि छुट्टै कोष स्थापना नगरिएको, |
| कुश्मा नगरपालिका | • प्रमुख कार्यकारी अधिकृत | • राहतवितरण र सहयोग,<br>• समन्वय र परिचालन<br>• पुनःनिर्माण,<br>• चेतना अभिवृद्धि | • गा.पा. सचिव परिचालन,<br>• सामाजिक कार्यकर्ता परिचालन<br>• राजनैतिक दलसँग समन्वय<br>• बजेट परिचालन हुनसक्ने, | • सीमित बजेट<br>• विपद् व्यवस्थापन र प्राथमिक उपचार बारे कर्मचारीलाई तालिम आवश्यक,<br>• मानवीय सहयोग र उद्धार तालिम आवश्यक, |
| सिंचाई वि.स.डि. | • डि.प्रमुख | • संरक्षण तथा रोकथाम<br>• नियन्त्रण | • प्राविधिक जनशक्ति परिचालन,<br>• पूर्वाधार संरक्षण, | • |

## ५.३ स्थानीय स्तरमा विपद् व्यवस्थापन

प्रकोपको समयमा स्थानीय स्तरमा व्यवस्थापन गर्न सहज र छिटो छरितो हुन जान्छ । स्थानीय गा.पा.ले स्थानीय क्षेत्रमा निर्धारित बन्दोबस्ती व्यवस्था, आकस्मिक कोष व्यवस्था गरी प्रकोप पीडितलाई चुस्त र प्रभावकारी सहयोग पुर्याउने, स्थानीय स्तरको विपद् व्यवस्थापन योजना तयार गरी लागू गर्ने तथा प्रकोपको समयमा सूचना, रिर्पोटिङ्ग गर्ने जस्ता कार्य सहज रुपमा सम्पादन हुन सक्दछ । साथै प्रकोपको समयमा क्षति भएका संरचनाको पुनःनिर्माण, संचालन तथा आपतकालीन राहत सहयोगको लागि भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार गरी अस्तव्यस्त मानव जनजीविनलाई सामान्य अवस्थामा फर्काउन आवश्यक भौतिक तथा मानवीय क्षमता अभिवृद्धि गर्न, नेपाल सरकारको नियमअनुसार बजेट व्यवस्थापन गर्ने, लगायतका कार्य स्थानीय स्तरमा हुन सकेमा राहत तथा उद्धार कार्य प्रभावकारी बन्न जाने हुँदा यसप्रकारको स्थानीय स्तरको विपद् व्यवस्थापन समिति प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

**न्यूनतम कार्यहरु**

- स्थानीय स्तरको विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन र अनुगमन गर्ने,
- जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायलाई सहयोग गर्ने,
- विपद् सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने,
- बजेट विनियोजन गर्ने तथा कोष स्थापना र परिचालन गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी आवश्यक दस्तावेज तयार गर्ने तथा नियमित रिर्पोटिङ्ग गर्ने,
- विपद् प्रभावित क्षेत्रमा उद्धार र राहतको व्यवस्था गर्ने र वितरणकोव्यवस्था मिलाउने,
- आवश्यक समन्वय गर्ने र जोखिम न्यूनिकरणका अवधारणालाई मुलप्रवाहीकरण गर्ने गराउने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सिमान्तकृत समुदायको पहुँच, प्रभावित समुदायको मानवअधिकारको संरक्षण गर्न स्थानीय स्वायत्त शासन ऐन, तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम जिल्ला र राष्ट्रिय स्तरका निकायसँग समन्वय गरी विपद् व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

## स्थानीय दैविप्रकोप उद्धार समितिको संरचना :

- गा.पा., नगरपालिका प्रमुख - अध्यक्ष
- वडा अध्यक्षहरु मध्ये न.पा./गाउँ परिषदले मनोनित गरेका २ जना - सदस्य,
- विपद् परेको वडाको वडा अध्यक्ष -ः सदस्य
- राजनीतिक दलका स्थानीय गा.पा./न.पा. स्तरीय प्रतिनिधि -ः सदस्य
- नेपाल रेडक्रस सोसाइटी, स्थानीय गै.स.स., सामुदायिक संस्था, सामाजिक संघसंस्था, वन समूह, समाजसेबीबाट परिषदले मनोनित गरेका महिला दलित सहित ४ जना : सदस्य
- स्थानीय स्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये न.पा./गाउँ परिषदले मनोनित गरेका २ जना- सदस्य
- न.पा./गा.पा. कार्यकारी प्रमुख/सचिव - सदस्य सचिव

## ५.४. पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सम्बोधनगर्न विद्यमानसमस्याहरु :

- जिल्लाको पहाडी भू-बनौटका कारण र सबै ठाँउमा बाह्रै महिना यातायात सुविधा नपुगेकोले ठूलो विपद् आउँदा खोज तथा उद्धार कार्य कठिन हुने देखिन्छ ।
- बाढी पहिरोको विपद् खासगरीवर्षायाममाहुनेरसोसमयमाजिल्लाको सम्पूर्ण मोटरबाटो बन्दहुनेअवस्थाले प्रभावितहरुलाई तत्कालउद्धारगर्न कठीन छ।

- विपद्पूर्वतयारीतथाप्रतिकार्ययोजनाकार्यान्वयनकालागिआर्थिकस्रोत नभएको अवस्थाछ ।
- विपद्पूर्वतयारीकोलागिसंचालनगर्नुपर्नेजनचेतनामूलककार्यक्रम, प्राथमिक उपचार तालिम, खोज उद्धार तालिम जस्ताकार्यक्रम रसामाग्रीहरुको लागि बजेट व्यवस्था गर्नु आवश्यकछ ।
- विपद्पूर्वतयारीको लागिजिल्लामा रहेको क्षमता प्रर्याप्तदेखिदैन।
- विपद्पूर्वतयारी प्रतिकार्यका लागिसूचना संकलन,अद्यावधिक, सामाग्रीको व्यवस्थापनजस्ताकामगर्नका लागिछुट्टै विपद्जोखिमन्यूनीकरणको क्षेत्रमा कामगर्ने स्रोतसाधन सम्पन्ननिकायकोआवश्यकता यस जिल्लामा महसुसगरिएको छ ।
- विपद् व्यवस्थापनको आकस्मिक राहत कोष पर्याप्त छैन,

## ५.५. विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्नेसमय तालिका

| योजना पुनरावलोकन गरिनेअवधि | जिम्मेवार निकाय | गर्नुपर्नेमुख्यकार्य | अद्यावधिक गर्ने मिति |
|---|---|---|---|
| प्रत्येक वर्षको१पटक | जिल्ला विपद् व्यवस्थापन समिति | बैठक आयोजना गर्ने, समन्वय, पत्राचार तथा बजेटको व्यवस्था, | प्रत्येक वर्ष ज्येष्ठ अन्तिम |

## ५.६. पर्वत जिल्लाका गा.पा.न.पा.हरुको विपद व्यवस्थापन सम्बन्धि व्यवस्था


कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

फोन नं ०६७-४२०१४१, ०६७-४२०४८४, ०६७-४२०१८६
फ्याक्स नं. - ०६७-४२०४८४


मिति : २०७६/०३/०२

पत्र संख्या : ०७५/७६
चलानी नं: १९७४

विषय : जोखिम सम्बन्धी विवरण पठाएको बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
पर्वत, कुश्मा ।

उपरोक्त विषयमा तँहाको च.नं. १८५० मिति २०७६/०१/२५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस नगरपालिका क्षेत्र भित्र आगोलागि, वाढि, पहिरो, भुक्षय, चट्याङ र हावाहुरी जस्ता सम्भावीत जोखिम हुन सक्ने तपशिल बमोजिमको क्षेत्र, विपद नयूनिकरण गर्न सकिने उपायहरु र विगतका घटनाहरुको विवरण समेत समावेश गरि पठाइएको व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | विगतका घटनाको विवरण आ.व. २०७४/७५ | जोखिम हुन सक्ने क्षेत्र | विपद न्यूनिकरण गर्न सक्ने उपाय |
|---|---|---|---|
| १. | कु.न.पा.१४ आर्थरमा वाढि पहिरोले ५ घर जोखिममा परेको | कु.न.पा.१४ आर्थर | बर्षात हुनु अगावै तारजालिद्धारा पर्खाल वनाउनु पर्ने । |
| २. | | कु.न.पा ४ अर्मादी खहरे खोला | खोला नियन्त्रणको लागि तारजालि वितरण गर्नू पर्ने । |
| ३. | | कु.न.पा.१० पिपलटारि | सडक खन्दा ३ घर जोखिममा परेकोले सिमेन्टेड वाल गर्नु पर्ने |
| ४. | कु.न.पा ,९११,१३,१४ आसिनाले वालिनालि नष्ट गरका, अनुदानमा धानका विउ वितरण गरका | | |
| ५. | आ.व. २०७५/७६ कुश्मा न.पा. वडा नं. ३,९,१०,११,१२,१४ | यस न.पा.का सम्पूर्ण वडाहरु | असिनाबाट जोगाउनका लागि तरकारीको बोट माथि फलामे तारको जालि राख्न सकिने |
| ६. | यस न.पा.को १२,१३,१४ अन्तर्गतको केहि विद्यालयको छाना उडाएको २०७५/७६ | विद्यालय घर कार्यालय | जस्ता पाता तथा प्राविधिक सहयोग गर्न सकिने |
| [illegible] | | घर वरिपरिका अग्ला रुखहरु ढल्ने र चट्याङ पर्ने सम्भावना | यस्ता रुखहरु कटान गर्ने |
| ८. | | घरको नजिक बाँसको कारणले विजुली पोलवाट घरमा आउने सम्भावना | यस्ता रुखहरु काट्नु पर्ने र सार्न नदिने |
| ९. | | कु.न.पा ९ मा पर्ने ज्ञादि सिंचाई नहर | बर्षातको पानिले बाँध लाई हानि नोक्सानी गर्ने हुँदा तारजालि वितरण गर्नु पर्ने |
| १० | | कु न पा १ मालढुङ्गा | बारम्बार पहिरो जाने हुँदा सो क्षेत्रमा सघन रुपमा वृक्षारोपण गर्ने |
| ११. | | कु.नं.पा.१ सहस्रधारा | कालिगण्डकीको वहावले सो ठाउँका घरहरु जोखिममा पर्ने हुँदा समयमै तटबन्ध निर्माण गर्ने |
| १२ | | कुश्मा दुर्लुङ्ग सडक | वाटो खन्ने क्रममा पहिरो जान सक्ने हुँदा पक्की नाली जाली भर्ने काम र वृक्षारोपण गर्नुपर्ने |

हरि प्रेमी
प्रमुख प्रशासकीय अधिकृत

url: www.kushmamun.gov.np, email: info@kushmamun.gov.np



Scanned by CamScanner

# फलेवास नगरपालिका

## विभिन्न वडाहरुको साधारण संकटासन्नताका पक्षहरु

| भौतिक संकटाभिमुखता | सामाजिक संकटाभिमुखता | धारणागत संकटाभिमुखता |
|---|---|---|
| • भिरालो जमिनमा वसोवास र खोला नालाको कटान,<br>• अव्यवस्थित वजार, आवास नीति विना घर निर्माण,<br>• जिविकोपार्जनका श्रोत अपुग र असुरक्षित हुनु,<br>• सुरक्षित खानेपानीको अभाव,<br>• स्वास्थ्य सरसफाईका सुविधामा कमी<br>• कृषि उत्पादनमा कमी,<br>• जोडिएका घरहरु र फुसका छानाका घर,<br>• अतिवृष्टि, अनावृष्टि तथा बाढी पहिरो र हिमपात<br>• सचेतना विना निर्माण गरिएका विकासका संरचनाहरु | • सामुदायिक संस्थाहरुको निश्क्रियता,<br>• विपद् व्यवस्थापनलाइ प्राथकिमता नदिनु,<br>• भौगोलिक अवस्था अनुसार विकास निर्माणका गतिविधि नहुनु,<br>• आवश्यकताका आधारमा भन्दा राजनीतिक दवाबमा काम हुनु,<br>• दक्ष जनशक्ति कमि,<br>• बसाइ सराई तथा अव्यवस्थित बसाई, | • शिक्षा तथा जनचेतनाको कमी<br>• विपद्को सामना गर्ने सीप र क्षमताको कमी<br>• सहयोग गर्नुपर्छ भन्ने भावनामा कमी |

## विपद्का आधारमा विभिन्न गाविसको जोखिमको अवस्था :

| क. स. | गाविसको नाम | सम्भावित जोखिमको अवस्था (१.न्यून जोखिम, ५.उच्च जोखिम) | | | | | | | कुल जोखिम अंक ३५ | संकटसन्न स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | भूकम्प | आगलागी | हावाहुरी | महामारी | असिना | प्राप्त अंक | |
| १ | भंगरा | ३ | ३ | २ | १ | २ | १ | २ | १४ | १ |
| ८ | शंकरपोखरी | २ | २ | ३ | २ | २ | २ | १ | १४ | १ |
| १३ | थापाठाना | २ | २ | २ | २ | २ | १ | २ | १३ | २ |
| १८ | कार्किनेटा | १ | २ | २ | १ | २ | १ | ३ | १२ | ३ |
| १९ | कुर्घा | २ | २ | २ | २ | २ | १ | १ | १२ | ३ |
| २६ | लिमिठाना | २ | २ | २ | २ | २ | १ | १ | १२ | ३ |
| २८ | खानीगाउं | १ | १ | ३ | २ | २ | १ | १ | ११ | ४ |
| ३६ | पाङ्गराङ्ग | १ | २ | २ | २ | १ | २ | १ | ११ | ४ |
| ३८ | ठानामौला | १ | ३ | ३ | १ | १ | १ | १ | ११ | ४ |
| ४१ | देविस्थान | १ | १ | २ | २ | २ | १ | १ | १० | ५ |
| ४२ | मुडिकुवा | १ | १ | २ | २ | २ | १ | १ | १० | ५ |

नोट : संकटसन्नताको स्तर १ सवैभन्दा कम र ५ सवैभन्दा बढिको आधारमा अंक निर्धारण गरिएको छ भने प्राथमिकतामा अंक १ सवैभन्दा बढि र ५ नं समुहमा पर्ने गाविसहरु सवैभन्दा कमी जोखिम प्राथमिकता देखाइएको छ ।

# जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत,पर्वत

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या: ०७५/७६

चलानी नं. : १२३८

मिति:२०७६।१।२७

विषय: जानाकारी सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
पर्वत ।

प्रस्तुत विषयमा ताँहा कार्यालयको च.नं. १८५० मिति २०७६।०१।२५ गतेको पत्र प्राप्त भै व्यहोरा अवगत तत सम्वन्धमा यस गाँउपालिकाको सम्पुर्ण वडाहरु आगोलागी, वाढी, पहिरो, भुक्षय , चटयाङ , हावाहुरी जस्ता विपदका हिसाले जोखिमपुर्ण रहेको छन साथै कालीगण्डकी तटिय क्षेत्रका वगरफाँट देखी खनियाँघाट सम्म वाढीको वढी जोखिम एवं उपल्लो भेगका वडाहरु पहिरोको वढी जोखिममा रहेको अवस्ता विद्यमानता रहेको छ। विपद जोखिम न्युनिकरणका लागी तत्कालीन उद्दार एवं राहत एवं पुर्नस्थापना सम्मका विषयहरु समेटिनु पर्ने देखिन्छ । साथै गत साल पहिरोको कारणले मानिसको मृत्यु समेत भएको एवं आगालागीका घटना दोहोरिरहेको अवस्था रहेको व्यहोरा जानाकारीका लागी अनुरोध छ ।

२०७६।१।२६

अर्जुन शर्मा
प्रमुख प्रशासकिय अधिकृत

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# बिहादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.: ०७५/७६

चलानी नम्बर/Dispach No.: 9८२८

मिति/Date: २०७६/०२/३०

**विषय: विपद जोखिम सम्बन्धी विवरण पठाइएको सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०७६/०१/२५ च. नं. १८५० को पत्रानुसार माग भएको विपद जोखिम सम्बन्धी विवरण तपशिल अनुसार पठाइएको व्यहोरा अनुरोध छ ।

<u>तपशिल:</u>

| क्र.सं. | जोखिमयुक्त क्षेत्र | जोखिमको प्रकार | न्यूनिकरणको गर्न अवलम्बन गर्न सकिने उपाय |
|---|---|---|---|
| 1. | ५ नं. वडा खोरपोखरा डाँडा भुक्षय नियन्त्रण | भूक्षय | तारजालीको प्रयोग |
| 2. | ग्रामिण सडक निर्माण गर्दा विभिन्न बस्ति जोखिमयुक्त | भूक्षय | तारजालीको प्रयोग |
| 3. | ४ नं. वडा चौरासी फाँट बाढी संरक्षण | बाढी | तटबन्धन गर्न सकिने |
| 4. | ६ नं. वडा मदुसखोला फाँट बाढी संरक्षण | बाढी | तटबन्धन गर्न सकिने |
| 5. | १ नं. वडा बाच्छामा २ घर पहिरोबाट अत्यन्त जोखिमयुक्त | पहिरो | तारजालीको प्रयोग |
| 6. | सम्पुर्ण गाउँपालिका | चट्याङ्ग | विद्धुतमा सुरक्षा अपनाउने / जनचेतना जगाउने |
| 7. | सम्पुर्ण गाउँपालिका | आगोलागी | जनचेतना जगाउने |

| क्र.सं. | विगतका घटना | कैफियत |
|---|---|---|
| 1. | ६ नं. वडा सेतिवेणी बजार क्षेत्र (सेतिखोला किनार) | |
| 2. | ४ नं. वडा वहाकी मा.वि. खोल्सा | |
| 3. | २ नं. वडा बरीचौर वडा कार्यालय देखी आम्बारी मा.वि. सम्म | |
| 4. | ३ नं. वडा नेपालतारा मा.वि. र विहादी स्वास्थ्य चौकी रानीपानी | |
| 5. | ३ नं. वडा जनता आधारभुत विद्यालय खोल्सा | |

} भुक्षय

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या:- ०७५/०७६
च.नं. :- १२६६

गण्डकी प्रदेश
पातिचौर, पर्वत
मिति: २०७६।२।२९

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

श्री जिल्ला प्रशासन कार्यालय,

पर्वत ।

विषय:- विवरण पठाएको सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा ताहाँको च.नं. १८५० मिति २०७६।१।२५ को पत्रानुसार यस गाउं पालिकामा देखिएको विपदको प्रकार र जोखिमको सम्भावना तथा न्युनिकरणको लागि भएका प्रयासहरुको विवरण यसैसाथ सम्लग्न गरी पठाएको ब्यहोरा अनुरोध छ ।

..........................
कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

Url:www.modimun.gov.np Email:info@modimun.gov.np 067-410164

1/1

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पातीचौर पर्वत
विपद जोखिम सम्बन्धी विवरण

| क.सं. | विपदको प्रकार | सम्भावित क्षेत्र | न्युनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|---|
| १. | आगोलागि | गिज्यान पारिको वनबाट राम्जा र तिलाहारमा क्षेती हुनसक्ने, देउपुरको भीरबाट बास्कोट र जोगीथुम, देउरालीको तल्लो जंगलबाट पूर्णगाउँ र लाङ्गदी, सेराबेशीको भीरबाट मोहरिया र सरौंमा क्षेती हुन सक्ने । अन्य वडामा पनि खरको छाना भएका घरहरु र जंगलको नजिकका वस्तीहरुमा आगलागिको खतरा रहेको । | पूर्व तयारी तालिम, औजार व्यवस्थापन र सावधानी | |
| २. | बाढी | रति खोला, पाती खोला, मोदी खोला, जहरेखोला, भुरुङ्गदी खोलाका किनारी भागमा नदीकटान र बाढीबाट क्षेती हुन सक्ने । मोदी पाती र भुरुङ्गदी खोलाको हाय | ग्याभिन वायर प्रयोग गरी जाली भर्नु पर्ने र तटबन्ध गर्नु पर्ने | |
| ३. | पहिरो | जुकेपानी पहिरो, जँयले पहिरो, मोदी-२ र ३ को पहिरो, थापाजुङ्ग पहिरो, सल्यानको पहिरो | जैविक तथा भौतिक संरक्षण गर्नु पर्ने | |
| ४. | भू-क्षय | मोदी गाउँपालिकामा अधिकांश भिरालो जमीन रहेकोले भुक्षय सबै ठाउँमा हुनसक्ने देखिन्छ । | गरा सुधार तथा गल्छी नियन्त्रण गर्ने | |
| ५. | चट्याङ | मोदी-३, क्याङ्गको हलहले, | अग्लो टावर निर्माण गर्ने | |
| ६. | जंगली जनावरको अक्रमण | बाँदर, चितुवा, दुम्सी, स्याल, मृग आदि जंगली जनावरको सबै वडामा, समस्या रहेको | नियन्त्रणका कार्य र क्षेतिपूर्तीको व्यवस्था | |
| ७. | असिनाको क्षेती | मोदीको सबै वडामा बाली नालीको क्षतीका साथै जस्ताको छाना समेत असिनाले छेडेको अवस्था, | राहतको व्यवस्था | |

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश,नेपाल ।

प.स: ०७५/७६
च.नं: १४२१

मिति: २०७६।०२।३१

श्री जिल्ला प्रशासन कार्यालय,
कुस्मा, पर्वत ।

विषय: विवरण पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति २०७६।०१।२३, च.नं १८५० को पत्रानुसार यस गाउँपालिका क्षेत्र भित्र आगोलागी, बाढी, पहिरो, भूक्षय, चट्याङ जस्ता सम्भावित जोखिमहरु, जोखिम हुन सक्ने क्षेत्रहरु र विपद रोकथाम तथा न्यूनिकरण गर्न अवलम्बन गर्न सकिने उपायहरु, विगतका घटनाहरुको विवरण माग भै आएकोमा सो विवरण यसै पत्रानुसार संलग्न गरि पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७६।२।३१

जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क टोल फ्रि नं १६६०६७४२००१
web address:www.paiyunmun.gov.np, Emil: paiyugapa@gmail.com

पैयुं गा.पा.

| सम्भावित जोखीम | जोखिम हुन सक्ने क्षेत्रहरु | विपद रोकथाम तथा न्यूनिकरण गर्न अवलम्बन गर्न सकिने उपायहरु | विगतका घटना विवरण |
|---|---|---|---|
| बाढी पहिरो | सिगाँरकोष कात्तिके माझरा चौतारी पैयूँ १ टकलाक पवर्त । | तारजाली तथा भू संरक्षण सम्मबन्धी अन्य उपायहरु । | सिंगार कोष मा पहिरो पैयूँ १ टकलाक । |
| आगलागी | जिमिरे माकुरी गैरा (बसेनी सामुदायीक बन) पैयूँ १ टकलाक पर्वत । | सामुदायीक वनमा गरिने व्यवस्थापनका उपायहरु । | कात्तिके माझरा चौतारी पहिरो (३०० मि.) पैयूँ १ टकलाक । |
| बाढी पहिरों,आगलागी | चिप्ले चिसापानी सामुदायीक वन पैयूँ १ टकलाक पर्वत । | बृक्षरोपण तथा सामुदायीक वनमा गरिने व्यवस्थापनका उपायहरु । | साहज्रे सा.व मा आगलागी हुँदा बृहस्पति बसेलको घरगोठ मा क्षति पैयूँ १ टकलाक । |
| आगलागी | पैयूँ २ नेकर्गा | जनचेतना फैलाउने । | नेकर्गामा १ वर्ष अगाडी आगोलागी भएको पैयूँ २ त्रिवेणी । |
| आगलागी,बाढी पहिरो | पैयूँ ३ वेउलीवास मानिचौर । | भु संरक्षण गर्न तारजली तथा बृक्षरोपण गर्ने । | सामुदायिक वनमा वर्षेनी आगलागी हुँदै आएको पैयूँ ३ वेउलीवास । |
| - | थाप्ले डाँडा डुम्रिस्वाँरा (साविक वेउलीवास ५) | | - |
| - | उपल्लो बेउलीवास काउदी गैरा पहिरो पैयुँ ३ बेउलीबास । | ग्याविन जालि भर्नुपर्ने । | - |
| पहिरो | धरमपानी मुरलीबाँस किम्रिक क्षेत्र पैयूँ ४ हुवास । | ग्याविन जालि भर्नुपर्ने । | आ.व ०७५/७६ मा धरमपानीमा चट्याङद्वारा मानिस घाईते । |
| - | कोखे धरमपानी क्षेत्र पैयूँ ४ हुवास पर्वत । | ग्याविन जालि भर्नुपर्ने । | आ.व ०७५/७६ मा कोखेमा पहिरो जाँदा किम्रिक खेतियोग्य जमिनमा क्षति पुगेको । |
| पहिरो | पैयूँ ५ बानिडाडाँमा विद्यालय क्षेत्र जोखिममा । | भु संरक्षण गर्न तारजली तथा बृक्षरोपण गर्ने । | पैयूँ ५ धरादीमा ठुलो पहिरो । |
| - | पैयूँ ५ भुर्तेलथोक आरुगैरामा दलित वस्ती (६घर) जोखिममा । | पानि ढलोको व्यवस्थापन गर्नुपर्ने । | सामदायिक वनमा भएको आगलागीबाट पैयूँ ५ पाखिम्बासमा गोठ जलेर नष्ट । |

...बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| - | सिल्ले दलित बस्ती पैयूँ ६ सरौखोला । | भु संरक्षण गर्न बायो इन्जिनियरीङ विधिको प्रयोग गर्नुपर्ने । | गत आ.व मा पैयूँ ६ सरौखोला अन्तर्गत भारती पँधेरो, सिल्ले दलित बस्ती, सिरबानी क्षेत्रमा पहिरो गएको । |
| - | सिरवानी पहिरो पैयूँ ६ सरौखोला । | तारजाली तथा भू संरक्षण सम्मबन्धी अन्य उपायहरु । | सिंगार कोष मा पहिरो पैयूँ १ टकलाक । |
| - | फलाउँदी गैरा पैयूँ ६ सरौखोला । | सामुदायीक वनमा गरिने व्यवस्थापनका उपायहरु । | कार्त्तिके माझरा चौतारी पहिरो (३०० मि.) पैयूँ १ टकलाक । |
| - | | बृक्षरोपण तथा सामुदायीक वनमा गरिने व्यवस्थापनका उपायहरु । | साहजे सा.व मा आगलागी हुँदा बृहस्पति बसेलको घरगोठ मा क्षति पैयूँ १ टकलाक । |
| - | | जनचेतना फैलाउने । | नेकर्गामा १ वर्ष अगाडी आगोलागी भएको पैयूँ २ त्रिवेणी । |

२०६९/८/२९
जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

## सन्दर्भ सामाग्रीहरु


- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, नेपाल
- विभिन्न आ.व.मा प्रकाशित जिल्ला विकास योजनाहरु, जिल्ला समन्वय समितिको कार्यालय, पर्वत
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८, स्थानीय विकास मन्त्रालय,
- म्याग्दी र बाँके जिल्लाका प्रकोपपुर्वतयारी तथा प्रतिकार्य योजना,
- नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा पर्वतले तयार गरेको विभिन्न समयका प्रतिवेदन,
- जिल्ला प्रहरी कार्यालय, पर्वतका विभिन्न समयका तथ्याङ्कहरु,
- जिल्ला विपद् व्यवस्थापन समिति, पर्वतका विभिन्न समयका निर्णयहरु,